## अध्यय एक

# परिचय

## १.१ अबधारणा

प्रारम्भिक युग देखि नै नेपालमा सुकुम्बासी समस्याको शुरुवात भएको पाईन्छ । परम्परागत रूपमा रहेको उत्पादन प्रणाली साथै सामाजिक मुल्य मान्यताहरूलाई अवलम्बन गर्दै समाजका साना तथा तल्ला वर्गहरू तिनै समाजका सम्पन्न र शक्तिशाली वर्गहरूमा आश्रित हुनुलाई आफ्नो भाग्यको फलको रूपमा स्वीकार्दै सुकुम्बासीहरू समाजका ठुला व्यक्तिहरूका दास-दासी, हरूवा-चरुवा, कमारा-कमारीका रूपमा रही परम्परागत समाजबाट तुच्छ व्यवहारको शिकार हुँदै आएका छन् । नेपालको परिवेश अनुसार पूर्व-पश्चिम, उत्तर-दक्षिण सबै ठाउँमा सुकुम्बासी वस्ती रहेका छन् । यी सबै सुकुम्बासीहरूको समस्या एउटै प्रकृतिको ( गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, भूमिहीनता आदि ) रहेको छ । समाजमा जमिन हुनेहरू सामाजिक, सांस्कृतिक र आर्थिक तवरले माथि रहेका छन् भने गरीब, भूमिहीन किसान सुकुम्बासी शोषण, अपमान र निष्कृष्ट गरिबीको छाँयामुनि बाँच्न बाध्य भएका छन (भूमि अधिकार, २०६७, पृ. ११) ।

नेपालको परिप्रेच्छमा हेर्दा नेपाल एक बहुजातीक, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक रुपमा धनि मानिन्छ त्यस्तै गरेर भौगोलिक रुपमा हेर्दा सम्मन्न भएता पनि यहाँका विभिन्न समस्याले गर्दा देश विकासमा बाधा पुगेको छ । नेपालको विघमान गरिवी र पछौटेपनको लागि पहाड र तराईको बाढी पहिरो, भूमिको उत्पादनमा ह्रास, भूकम्प, वनजङ्गलको विनास, जनसंख्या बृद्धि, बेरोजगारी, सामाजिक, आर्थिक शोषण एवं उत्पिडनको साथमा रहेको यहाँको भौगोलिक बनावट र दुर्गमता र अब्यवस्थित बसाईसराई र सुकुम्बासी समस्या एक प्रमुख कारण बन्न पुगेको छ ।

नेपालमा सुकुम्बासी शब्दको सुरुवात् कहिले देखी भएको हो भन्ने सन्दर्भमा हामीले इतिहासको पाना पल्टाउनु पर्ने हुन्छ । हाल भारतको सिक्किमलाई पहिला सुखिमको नामले चिनिन्थ्यो । नेपालको इतिहासमा भएको सुगौलि सन्धि (वि.सं. १८१४ देखि १८१६ मा पूर्वि नेपालको केहि भू–भाग गुमेको थियो र उक्त भु-भागको नाम सुखिम रहेको थियो । सोहि

ठाउँबाट लखेटीएका मानिसहरु नेपालको सीमानामा पर्ने पूर्वी क्षेत्रमा आइ शरण लिएर बसोबास गर्न थाले । ती शरणार्थीहरुलाई “सुखिमबासी” भनिने गरियो । त्यो नाम जनजिब्रोबाट कालान्तरमा अपभ्रंश हुदै “सुकुम्बासी” हुन गयो । यो नाम सुखिमबाट आएका शरणार्थीका लागि मात्र नभइ देश भित्रकै कुनै व्यक्ति, वर्ग, समुदाय र घरबार बिहिन शरणार्थीसरह भै बाध्यताबस निजी स्वामित्व नभएको सरकारी वन तथा सार्वजनिक जमिनमा शरणार्थी भई बसेकालाई समेत यो नामबाट पहिचान गर्ने परम्परा जनजिब्रोबाटै कायम हुदैगयो ।

नेपालका जल्दाबल्दा समस्यामध्ये सुकुम्बासी समस्या पनि एक प्रमुख हो । यस्तो जटिल समस्या देशको निति निर्माण गर्ने तहमा बसेका व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकालाई समेत थाहा हुँदाहुदै पनि अधिराज्यभर कति संख्यामा सुकुम्बासी छन् सो को तथ्याङ्क र समस्या समाधानका लागि ठोस निति नियम र निर्माण तथा कार्यान्वयनका लागि प्रतिबद्ध भई अगाडि बढ्न सकेको देखिदैन ।

नेपाल अधिराज्य भर विभिन्न कारणबाट घरबार विहिन भई सुकुम्बासी जिवन बिताउनेहरुको संख्या ठुलो छ । सुकुम्बासी बन्नुका कारणहरु धेरै छन् कोही प्राकृतिक प्रकोपका कारण सुकुम्बासी बनेका छन् भने कोही केही पाउने आशामा सुकुम्बासी बनेका छन् जसले गर्दा वास्तविक रुपमा रहेका सुकुम्बासी हरुले राज्यबाट पाउने सुविधामा कटौती भएको र सुकुम्बासी समस्या हलमा अर्को समस्या रहेको पाइन्छ । नेपाल जस्तो कृषि प्रधान देश भएर पनि यहाँका बासिन्दाको नाममा एक टुक्रा जग्गा नभएको कारणले गर्दा बाटोको छेउमा वा कुनैपनि सरकारी जग्गामा अव्यवस्थीत तरिकाले झुप्रा झुप्री हालेर दुःखी दिनहरु बिताउनु यो २१ औं शताब्दीमा आएर पनि शिक्षा, स्वास्थ्य बाट बञ्चित हुनु दुःखको कुरा
छ ।

सुकुम्बासी शब्दको ब्याख्या गर्ने कममा विभिन्न व्याक्ति, सरकारी निकाय, संघसंस्थाबाट भएको पाइन्छ जस मध्ये थोरै मात्रामा तल लेखिएको छ ।जीविकाका लागि कुनै पनि प्रकारका ठोस स्रोत र जग्गा जोड्न सक्ने क्षमता नभएका भूमिहीन, गरीब, निःसहाय, मजदूर, कृषि वर्ग, कमैया, हरूवा-चरुवा, हली गोठाला सबैलाई सुकुम्बासी

भनिन्छ । यस्ता सुकुम्बासीहरू एक ठाउँबाट अर्को ठाउँमा आधारभूत आवश्यकताका लागि बसाइँसर्ने परम्परा परापूर्वकालदेखी नै रहेको पाइन्छ (कोइराला, २०५९ पृ.४९)

"सुकुम्बासी भन्नाले जिविकाको लागि कुनै ठोस विकल्प नभएका, आफ्नो वा आफ्नो अंसियारको नाममा वा कब्जामा कुनै घर वा जग्गा नभएको वा आफ्नो वा आफ्नो अंसियारको नाममा घर जग्गा जोड्न सक्ने कुनै साधन स्रोत नभएका भूमिहीन तथा निसहाय (कृषि, मजदुर, कमैया, हली,हरुवा,चरुवा आदि) व्यक्ति र दैवी प्रकोपबाट घर जग्गा विहीन हुन पुगेका व्यक्ति एवं नीज प्रति आश्रित परिवारका सदस्य समेतलाई जनाउँछ"(सुकुम्बासी समस्या समाधान आयोग संक्षिप्त सिंहावलोकन, २०५२)

तत्कालिन राणा शासनकालमा हालको झापा, मोरङ र सुनसरी जिल्लाका झोडा क्षेत्रको जंगल ढालफाँड तथा आवाद खेती गरि बसोबास गर्ने निजी जमिन नभएकालाई पनि सुकुम्बासी भनिन थालियो ।(सुकुम्बासी समस्या समाधान आयोगको संक्षिप्त सिंहावलोकन,०५२ पे.नं. ३)।

प्राकृतिक प्रकोप लगायतका विषम परिस्थितीजन्य कारणले आफु र आफ्नो परिवार वा अंशियारको नाममा नेपालभित्र जग्गावाला वा मोहिको हैसियतमा कुनै घरजग्गा नभएको वा घरजग्गा जोड्न सक्ने साधनस्रोत र जिविकाको लागि कुनै ठोस आधार नभएको ज्याला मजदुरी गरी जिविका चलाउने नेपाली नागरिक तथा निजमाथि आश्रित परिवारका सदस्य समेतलाई सुकुम्बासी भनेर भनिन्छ।(बार्षिक प्रतिवेदन भूमिसुधार तथा व्यवस्था मन्त्रालय)

नेपालमा पूर्व मेचिदेखि पश्चिम महाकालीसम्मका प्राय सबै जिल्लाहरुमा जमिनहीन सुकुम्बासीहरु सरकारी जग्गामा सानातिना छाप्रा बनाई आफ्नो जीवन गुजारा चलाई आएको पाइन्छ । यसरी गुजारा चलाउनेमा आफ्नो जग्गा एक आना सम्म नभएका पनि छन भने खान लगाउन पुग्न सक्ने जग्गा जमिन भएर पनि सुकुम्बासी हुने व्याक्ति हरु समेत पाइन्छन् । तर वास्तविक सुकुम्बासी भई कठिन जीवन बिताइरहेका सुकुम्बासीको संख्या नेपालमा कति छ । यस विषयमा तथ्याङ्क संकलन गर्न सुकुम्बासी समस्या समाधान

गर्न गठित सुकुम्बासी समस्या समाधान गर्ने उच्चस्तरीय आयोगको खोजी गर्दा हाल उक्त आयोग विघटित अवस्थामा रहेको र यसको कार्यालय समेत नभएको भन्ने जानकारी प्राप्त भयो। यो दुखद कुरा हो यसको बारेमा सरकारले केही सोच्नु पर्छ ।

नेपाली समाजमा गरीब र असमानता ब्याप्त छ । समग्रमा गरिबहरुको जिवन दु:खदायी छ । त्यसमा पनि एउटा बास सम्म पनि आफ्नो जग्गामा बनाउन नपाउने सुकुम्बासीहरुको जिवन कष्टपूर्ण छ त्यसै मानिसहरु आफ्नो जिवनयापनको लागि विभिन्न उपाय अवलम्वन गरेको पाइन्छ जस मध्ये सुकुम्बासी पनि एक हो सुकुम्बासीहरु विभिन्न अभाव र संकटयुक्त जीवन विताईरहेका नै छन् । यसमा पनि पिछडिएको वस्तिहरूका वारेमा समाजशास्त्रीहरूले कम अध्ययन गरेका छन् । विशेषत: सुकुम्बासी समस्याका वारेमा आधिकारिक अध्ययन नगरिएकाले यस सम्बन्धमा जानकारी हुन अति आवश्यक रहको छ । नेपालका कुना-कुनाका सुकुम्बासीहरू सरकारी जग्गा तथा खोलाका किनारामा स-साना छाप्रा बनाई बसोबास गरी आएका बासिन्दाहरूलाई एकैसाथ समेट्न नसकिने भएकोले बर्दिया जिल्ला मधुवन नगरपालिका अर्न्तगत वडा नं.६ का सुकुम्बासीहरू प्रायजसो आदिबासी रहेको भए पनि सुकुम्बासी जिवन विताउन परेको साथै अन्य बाहिरी जिल्लाहरूबाट पनि केहि व्यक्ति तथा परिवारहरू यहाँ आएको पाईयो ।

यो शोध ती व्यक्ति तथा परिवारहरू सुकुम्बासी हुनुका प्रमुख कारण र यसबाट उनीहरूको आर्थिक, सामाजिक अवस्थामा पर्न गएको असरमा मात्र केन्द्रित रही समाजशास्त्रीय अध्ययन अनुसन्धान गरिएको छ । बर्षेनी जनसंख्या वृद्धिको चाप एकातिर छ भने अर्कोतिर कृर्षि भूमिमा आधुनिक प्रविधिको कमि, उर्वरायुक्त भूमिमा बसोबास तथा नेपाल सरकारबाट स्थायी रूपमा कुनै पनि उद्योग स्थापना नगर्नु, रोजगारीको व्यवस्था नहुनु, सुकुम्बासीहरूले आफूलाई सुविधायुक्त क्षेत्रमा बस्ती बसाउनका लागि वन, जङ्गल फडानी गर्नु, सार्वजनिक जमिनमा बसोबास गर्नु, बाटो तथा सडकका छेउछाउमा बस्नु जस्ता समस्या दिनानुदिन बढ्न थालेका छन् ।

नेपालका कुना-कुनामा बसोबास गरेका सुकुम्बासीहरूले आफूँहरूलाई गरिब, निसहाय तथा पीडित भएको पाइन्छन् । यिनीहरूको समस्या लगभग एकै किसिमको रहेका छन् जस्तै बसोबास, खानेपानी, स्वास्थ्य, रोजगारी, शिक्षा, जग्गा तथा लालपुर्जा, आदि रहेका छन् । हाल सम्म सुकुम्बासी समस्या समाधानका लागि ल्याइएका विभिन्न कार्यक्रमहरू शहर केन्द्रित भएका र राजनैतिक दलका कार्यकर्ताहरूमा आफन्तवादी प्रवृति देखिएको हुँदा उक्त समस्यामा कुनै सुधार नभएको पाइन्छ । पंचायती कालको समाप्ति तथा प्रजातन्त्रको पूर्नःस्थापना साथै हाल आएर लोकतन्त्रिय शासन व्यवस्था सम्म आँउदा सम्म जमिनको आधिकारिक कागजपत्र नहुनु, जनसंख्याको चाप उच्च हुनु यसको तुलनामा खाद्यान्न उत्पादनमा वृद्धि नहुनु आदि नेपालमा सुकुम्बासीहरूको संख्या वृद्धि हुँदै जानुका प्रमुख कारणको रूपमा रहेका छन् । (लुमन्ति संस्था, २०५१)

जमिन हुनेहरू नहुने भन्दा स्वभावत सामाजिक तथा आर्थिक तवरले धनी छन् परिणामतः भूमिहीन किसान, कृर्षि श्रमिक र सुकुम्बासी शोषण, अपमान र निकृष्ट गरिबीको छायाँमूनि बाँच्नु परेको छ । भूमि अधिकारबाट बञ्चित सुकुम्बासी भूमिहीन किसान, पुर्व कमैया, हलिया, हरूवा, चरुवा, कृर्षि मजदूर आत्म सम्मानका साथ बाँच्न पाइरहेका छैनन् । संरचनागत रूपमा जाति, भाषा, लिङ्ग आदिका आधारमा महिला, दलित, आदिवासी तथा जनजाती आदीको अवस्थामा पीडित भएरै विभेदपूर्ण वातावरणमा बस्नु परेको छ (भूमि अधिकार २०६७, पृ.२३) ।

## १.२ अध्ययनको कथन

नेपाल कृषि प्रधान देश भएकाले यहाँका लाखौं नेपाली जनताहरू जमिन विहीन रहनु देशको नै ठूलो समस्याको रूपमा रहेको छ । सुकुम्बासी, पैतृक सम्पत्तिका रूपमा स्रोत र साधन नहुनाले मात्र नभई सामन्ती समाजदेखी नै समाजका ठुला बढाका आश्रयमा आश्रित जीवन बिताउदै पछि उनीहरूबाट शोषित हुँदै जाँदा सुकुम्बासी हुन पुगेका समेत भेटिन्छन् । यसरी विभिन्न कारणले सुकुम्बासी बनेकाहरु वा सुकुम्बासीहरुलाई जिवनयापनको लागि निकै समस्याहरु भएको पाइन्छ । जसको जमिन छैन उसले वित्तिय संस्थाबाट ऋण पाउँदैन । जुन जमिन बषौं देखि जोत्दै आएका छन् उनै सँग जग्गाको लालपुर्जा छैन । कुनै सिप र

पढाइ पनि छैन थोरै पुँजि ऋण लिन पनि धितो राख्ने जग्गा पनि छैन जसले गर्दा समस्या छ यसरी वषौं देखि जोतेको जमिन आफ्नो नहुनु, नागरिकता लिन नपाउनु, ऋण लिन नपाउनु जस्ता समस्याले गर्दा देशको नागरिक भए जस्तो अनुभव गर्न नपाउनु र सबै कुरामा वंञ्चित हुनुले गरिब झन गरिव हुने र धनी झन धनी हुने परिस्थिती भएको पाइन्छ ।

नेपालमा समय-समयमा हुने प्राकृतिक प्रकोपका कारण बर्षेनी हजारौ मानिसहरू घरवार विहीन हुने गर्दछन् । जसलाई सामाजिक अध्ययनभित्र राखेर अध्ययन गरिएको छ । उनीहरूलाई सरकारले राहत दिएतापनि त्यसले समस्या समाधानमा केही पनि सहयोग मिलेको देखिदैन ।

सुकुम्बासी समस्या समाधान गर्न श्री ५ सरकार तथा नेपाल सरकारको तर्फबाट विभिन्न समयमा विभिन्न आयोगहरु गठन भएको पाइन्छ । साथै नेपाल सरकारले विभिन्न समयमा छानविन गरि जग्गा धनिपूर्जा पनि वितरण गर्दै  आएको छ तर सुकुम्बासीको संख्या भने दिन प्रतिदिन बढ्दै गईरहेको पाइन्छ । यसको मुख्य कारण सुकुम्बासीलाई पहिचान गर्ने सरकारी प्रयास नै कमजोर रहेको देखिन्छ । जब जब सरकार वास्तविक सुकुम्बासीलाई धनिपूर्जा वितरण गर्ने कार्य गर्दछ तब तब आफ्नो स्थायी घर जग्गा भएका व्याक्तिहरु पनि सुकुम्बासी टोलमा पाल हाली बस्ने र आफूलाई सुकुम्बासी भएको दाबी गर्ने गरेको पाइन्छ । यसले गर्दा वास्तवमै सुकुम्बासी भएका व्याक्तिहरुलाई प्रदान गरिने सुविधाहरु अन्य व्याक्तिहरुले लिने समस्याले गर्दा सुकुम्बासी समस्या समाधानमा बाधा पुगेको छ । एकातिर सरकारले यस समस्यालाई समाधान गर्न विभिन्न आयोगहरु गठन गर्ने गरेको छ भने अर्कोतिर वास्तविक सुकुम्बासीहरु सरकारद्धारा आफ्नो समस्या समाधान नभएकोमा सो पूरा गराउनका लागि आन्दोलनमा उत्रिएका देखिन्छन । CSRC का अनुसार नेपालमा २६.१ प्रतिशत घरपरिवारको नाममा जग्गा नभएको बताएको छ ।

नेपालको भूमिसुधारले गरिव नेपालीको नाममा बहुराष्ट्रिय कम्पनि धरानालाई मात्र फाइदा पुग्ने देखिन्छ । जहाँ ८१ प्रतिशत जनता कृषिमा आश्रित रहेका छन् यति ठुलो संख्यामा जनसंख्या कृर्षिमा आधारित भए पनि देशमा खाधान्न भने आयात गर्नु पर्ने स्थिती रहेको छ । र कुल राष्ट्रिय आम्दानीको ४२ प्रतिशत योगदान कृषि क्षेत्रको रहेको छ ।

जग्गा जमिन नहुनेलाई मात्र सुकुम्बासीको परिभाषा भित्र राखेर जग्गा बाँड्नुको सट्टा तिनीहरुको आर्थिक स्थितिलाई उकास्न विविध प्रकारका आर्थिक कृयाकलापहरु संचालन गरिनु पर्दछ । जे होस नेपालमा सुकुम्बासीहरु छन् तिनीहरुको बृहत अध्ययन हुनुपर्छ र वास्तविक सुकुम्बासीको पहिचान र समस्याको समाधानका लागि सरकार राजनैतिक दलहरु तथा व्यक्ति विशेषले आवश्यक सहयोग पुर्‍याउनु आजको आवश्यकता हो ।

यस बर्दिया जिल्ला मधुवन नगरपालिका वडा नं. ६ कुसुम्बा बजार छेउका सुकुम्बासीहरूको बारेमा आजसम्म कुनै पनि रूपबाट अध्ययन अनुसन्धान भएको पाँइदैन त्यसैले यसको बारेमा गहिरो अध्ययन हुन आवश्यक मानिन्छ । यहाँ बसोबास गर्ने सुकुम्बासीहरूको बारेमा उब्जिएका केही प्रश्नहरु जस्तैः उक्त बस्तीका

(१) सुकुम्बासीहरुले के के समस्या भोगेका होलान?

(२) सुकुम्बासी भएका कारणले सामाजिक र आर्थिक क्षेत्रमा के कस्तो प्रभाव परेको होला?

(३) सुकुम्बासीहरुले राज्यबाट के चाहेका छन्?

साथै उनीहरुको शैक्षिक अवस्था, जीविकोपार्जन, पारिवारीक संरचना, आदिको बारेमा नजिकबाट अध्ययन गरिएको छ ।

### १.३ अध्ययनको उदेश्य

यस अध्ययनका उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

१) सुकुम्बासी हुनाका कारणहरू के-के हुन् पत्ता लगाउनु ।

२) सुकुम्बासी हुनाले तिनीहरूको सामाजिक तथा आर्थिक जीवनमा परेको विभिन्न असरहरूबारे ब्याख्या गर्नु ।

३) उक्त बस्तीका मानिसहरुले भोग्नु परेका समस्याहरु केके हुन् पत्ता लगाउनु ।

## १.२ अध्ययनको महत्व

नेपालमा समाजशास्त्रीय तथा मानवशास्त्रीय दृष्टिकोणले यस विषयमा खासै अध्ययन अनुसन्धान नभएको र भएका अनुसन्धानमा पनि सुकुम्बासीहरूका समस्या : कारण र असरहरूबारे अध्ययन अनुसन्धान नभएको हुँदा यसको अध्ययन गर्नु अत्यन्तै महत्व रहेको छ ।

नेपालमा सुकुम्बासी बस्तीहरूको अध्ययन कम नै गरेको पाईन्छ । हालको सर्न्दभमा सुकुम्बासी एउटा जटिल विषय वस्तु देखिएकोले यसको अध्ययन तथा अनुसन्धानको औचित्यलाई महत्व दिनुपर्ने देखिएको छ । नेपाल कृषि प्रधान देश भएबाट अधिकांश मानिसहरूको जीवनचक्र कृषि पेशामा नै आश्रित हुने गरेको छ । समाजको परम्परागत मूल्य र मान्यता अनुसार समाजका ठुलाबढाको हातमा जमिन हुने र उनैको आश्रयमा साना किसान वर्ग बाँच्नु पर्ने बाध्यतालाई पूर्वजन्मको फलको रूपमा स्वीकार्ने वा आफ्नो भाग्यवादी प्रवृतिले सुकुम्बासी संख्या बढ्दै गएको पाईन्छ ।

यस बर्दिया जिल्ला मधुवन नगरपालिका  वडा नं. ६ कुसुम्बा बजार छेउ मा बस्ने व्यक्तिहरू सुकुम्बासी हुनुका प्रमुख कारणहरू र यसबाट उनीहरूको सामाजिक तथा आर्थिक जीवनमा परेको प्रभावमा केन्द्रित रहेको यो अध्ययनको अत्यन्त गहनीय भूमिका रहेको देखिन्छ । यस्ता अध्ययन गर्ने शोधकर्ताका लागि पनि सहयोग पूर्‍याउनुको साथै यी समस्या प्रति भए गरेका अध्ययन अनुसन्धानबाट निस्किएको निश्कर्षबाट अधिराज्यका विभिन्न स्थानमा रहेका सुकुम्बासीका लागि नेपाल सरकारलाई कार्यक्रम तर्जुमा गर्न समस्या समाधानका लागि सहयोग पूर्‍याउँछ । त्यसैगरि अन्य सुकुम्बासीहरूको अध्ययन अनुसन्धानमा अभिरुची राख्ने शोधकर्ताका लागि समेत यो अध्ययन आधिकारिक आधार स्रोतका रूपमा महत्वपूर्ण देखिन्छ ।

### १.५  अध्ययनको संगठनात्मक ढाँचा

प्रस्तुत अध्ययन छ अध्यायमा विभाजन गरिएको छ जसलाई क्रमैसँग यसरी प्रस्तुत गरिएको छ  । पहिलो अध्यायमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व रहेको छ । दोस्रो अध्यायमा अध्ययनको सैद्धान्तिक अवधारणा र पूर्वसाहित्यको पुनर्रावलोकन रहेको छ । तेस्रो अध्यायमा उक्त अध्ययन गर्दा गरिने अनुसन्धान विधि, अध्ययनको क्षेत्र छनौट, तथ्यांक संकलन विधि, अध्ययनको सीमा र तथ्यांक विश्लेषण प्रक्रिया आदि रहेको छ । चौथो अध्यायमा अध्ययन क्षेत्रको परिचय रहेको छ । पाँचौं अध्यायमा सुकुम्बासी हुनुका कारणहरू र विविध क्षेत्रमा परेको असरहरूबारे

चर्चा गरिएको छ भने ३ घरपरिवारको व्यक्तिक अध्ययन लाई राखिएको छ । छैठौं अध्यायमा सारांश र निष्र्कश समावेश गरिएको  छ ।

अन्त्यमा, शोधकर्ताले अध्ययन गरेको सामाग्रीको सुचि, शोध कार्यको लागि प्रयोग गरिएको अर्ध संरचित प्रश्नावली समाविष्ट  गरिएको छ ।

## अध्याय दुई

## साहित्यको समिक्षा

### २.१ सैद्धान्तिक अवधारणा

नेपाल समाजशास्त्रीय दृष्टिकोणले अध्ययनको लागि अध्याधिक उपयुक्त मानिन्छ । यहाँको लोक साँस्कृतिको साथमा रहेको विभिन्न भाषा धर्म जनजाति ऐतिहासिक कला साहित्य र परम्परा रितिरिवाज आदिले रोचकता थपेको छ नेपालमा समाजशास्त्रीय/मानवशास्त्रयिा अध्ययन शुरु भएको धेरै भएको छैन । १८ औं शताब्दीको शुरु तिर हेमिल्टन र कर्कगप्याट्रिक लगायतका क्रिश्चियन मिसन र बृटिस civil servants हरुबाट नेपालीहरु माथिको रितिरिवाज वानीबेहोरा व्यवहारिक अध्ययन आदि कार्य खोजी गरेको पाइन्छ । खास गरी २००७ साल पछि स्वदेशी विदेशी व्यात्तिहरुबाट समाजशास्त्रीय र मानवशास्त्रीय अध्ययन अनुसन्धान शुरु गरेको पाइन्छ ।

F. Haimendrof "The Sherpa in Nepal"(1964), G.S. Nepali, "The Newars" (1965), Dor Bhadur Bista, "people of Nepal" (1967), L. Caplan "Land and Social Change in East Nepal" (1970), A.P. Caplan, "Priests and Cobblers"(1972) आदि विभिन्न महत्वपूर्ण विद्वानहरुले नेपालीको सामाजिक स्थितिको गहन अध्ययन गरेको पाइन्छ । एसियाली अनुसन्धान केन्द्र,सेडा, प्रज्ञा प्रतिष्ठान र १९८१ देखि त्रि.वि. मा समाजशास्त्र र मानवशाश्त्र विभाग खुलेपछि सामाजिक अध्ययनको क्षेत्र अरु व्यापक र विस्तार भएको पाइन्छ ।

कुनै पनि विषयवस्तुको अनुसन्धान सैद्धान्तिक ढाँचामा आधारित हुने हुँदा यस समाजशास्त्रीय अध्ययन अर्न्तगत “सुकुम्बासीका समस्या एक समाजशास्त्रीय अध्ययन” शीर्षकको शोधपत्र तयार गर्नको लागि माक्सको पुँजिवादी सिदान्त, ए.जी. फ्रैंकको परनिर्भरता सिद्धान्त र बसाइँसराई सिद्धान्त लाई आधार मानिएको छ । सुकुम्बासी वस्तीहरू विशेष गरेर तेस्रो विश्वको विकासोन्मुख देशहरूमा पाईन्छन् जस्तो नेपाल, भारत, पाकिस्तान, वंगलादेश इत्यादि । सुकुम्बासी वस्तीहरूमा गरीब तथा भूमिहीन विपन्न वर्गले बसोबास गरेका हुन्छन् । यी नै सबैभन्दा विपन्नता, निरक्षरता, अज्ञानताको अन्धकारमा

रहेका छन् । यसरी हाम्रो समाजमा धनी र गरिब बिचको अन्तर निकै गहिरो हुँदै गएको छ । मोटा मोटी रुपमा हाम्रो समाजको वर्ग स्थिती कस्तो छ भनी थाहा पाउन आवश्यक छ । वर्ग छुट्टायाउने मुख्य आधारको रुपमा उत्पादनका साधनहरुको स्वामित्व, श्रमको शोषणको प्रकृति र श्रममा उसको सहभागिता साथै राष्ट्र राष्ट्रिय भावना, समाज प्रतिको उसको दृष्टिकोण र व्यवहारलाई नै आधार मानिएको हुन्छ । पुँजीवादी विकास आरम्भ भएका ठुला साना शहर र ग्रामीण किसान क्षेत्र जहाँ कृषि उत्पादन मूल पेशा रहेको छ ।

ए.जी. फैङ्कले धनी र गरीब राष्ट्रहरूलाई मेट्रोपोलिस र सेटलाइटमा विभाजन गरी असमान आर्थिक सम्बन्धकोबारे चर्चा गरेका छन् । पूँजीवादले  तेस्रो विश्वलाई पारेको नकारात्मक प्रभाव, प्राविधिको विकासमा केन्द्रका देश अगाडी रहेको पाईन्छ । परनिर्भरताले नेपाली समाजमा जरो गाडेको छ । यसै परिवेश अनुसार अध्ययन गर्न लागिएको क्षेत्रमा बस्ने सुकुम्बासीहरू आर्थिक अभाव तथा गरिबीका समस्यामा परेर सुविधायुत्त ठाउँको खोजीसँगै यस बस्तीमा बसोबास गर्न पुगेको पाईयो ।

ऐतिहासिक कालखण्डदेखी नै साहु महाजनको खेतमा श्रम गरेर जीवन चलाउने कृर्षि मजदूर, हलिया, हरूवा-चरुवा, कमारी जस्ता मान्यता परम्परागत रूपमा चलि आएको थियो । यिनीहरूमा मूलत : दमाई, कामी, सार्की वा भूमिहीन तथा कृषक वर्ग रहेका छन । हाल  यी सबै मान्यता सरकारी स्तरबाट खारेज गरिएतापनि व्यवहारमा अझै निमूर्ल गर्न सकिएको छैन । नेपालका विभिन्न जिल्लाहरूमा सामन्ती प्रवृति रहेको पाईन्छ । नेपाल एकिकरणको समयदेखी नै समाजमा उपल्ला वर्गहरूको आश्रयमा समाजका तल्ला वर्गहरूले जीवन निर्वाह गरेको पाईन्छ । त्यसैले ए.जी. फैंङ्क को परनिर्भरको मान्यतासँग र कार्लमाक्सको पुँजिवादी सिदान्त दुबै सिदान्त आवद्ध रही यो अध्ययन गरिएको छ ।

ए.जी. फैङ्कको Theory of dependency अनुसार विश्वका राष्ट्रहरुलाई मेट्रोपोलिसियन र स्याटलाइट गरी विभान गरेका छन जस मध्ये मेट्रोपोलिसियन भन्नाले core अथवा मुख्य शक्तिशाली राष्ट्र बुझिन्छ भने स्याटलाइट राष्ट्र भन्नाले गरिब राष्ट्र बुझिन्छ जहाँ धनी राष्ट्र सधै अगाडी हुन्छ र गरिब राष्ट्रलाई धनी राष्ट्रले सधै आफ्नो मातहतमा राख्ने गर्दछ सहयोगको नाममा उक्त गरिब राष्ट्रलाई शोषण गरिरहेको हुन्छ यसमा मैले यो समाजका धेरै जसो परिवार यही स्थिती गुज्रिएर आएको पाइन्छ ।

उनीहरुलाई पाल्ने निँहुमा घरमा गाह्रो काम लगाउने र उनीहरुको चरम शोषण गर्ने गरेको पाइयो र हाल पनि समाजमा जो गरिब छ उसलाई हरेक हिसावले आफू पछाडि परेको उत्तरदाताको भनाईबाट थाहा पाउन सकिन्छ । त्यसै गरी यो अध्ययनमा मैले कार्लमार्क्सको विचारलाई पनि जोड्ने प्रयत्न गरेकी छु कार्लमार्क्सले भने जस्तै समाजमा वर्ग सघर्षको कुरा जब समाजमा विभिन्न वर्गको उत्पत्ति हुन्छ जस्तै हुने खाने उपल्लो वर्ग र हुँदा खाने तल्लो वर्ग वा गरिव वर्ग विच असमानता उत्पन्न हुन्छ त्यहाँ सघर्ष उत्पन्न हुन्छ उनको भनाईलाई केलाउँदै जाँदा उनको यस भनाई अनुसार यस वस्तीका मानिसहरुको जिवन मेल खाएको पाएँ उनीहरु जब अरुको घरमा कमारा कमारी भएर बसेका थिए, त्यसैबेला २०६२/२०६३ मा जनअनन्दोलन भयो, यस आन्दोलनमा उनीहरु आफ्नो हकहितको लागि अगाडि बढे त्यसै क्रममा आफ्नो एउटा बासको लागि धेरै लडे र सघर्ष पश्चात यस ठाँउमा बस्न सफल भएको बताउँदा मलाई यसरी उनको यो भनाईमा जोडिन मन लाग्यो ।

यस शोधपत्रको बिषय वस्तु सुकुम्बासी समस्या भएकाले मानिस सुकुम्बासी आफ्नो इच्छा अनुसार नभई वाध्यता र प्राकृतिक प्रकोपका कारणले हुने भएकोले अचानक घरवार विहीन भई मानिस बसाई सर्नु परेको छ । बसाइँ सराईका साथमा आफूँहरूलाई भूमि हीन बनाउँदै लैजान बाध्य भएका छन् । भने कतिपय अबस्थामा मानिस केही पाउने आसामा पनि सुकुम्बासी भएको हामी सुनेका र देखेका छौं र यस अध्ययनले उक्त क्षेत्रका मानिस कसरी सुकुम्बासी बन्न पुगे भन्ने कुराको अध्ययन गरी कारण र त्यसका असर वा समस्या पत्ता लगाउनेछ साथै देश भरिका सुकुम्बासीको अबस्थालाई जानकारी गराउन सक्नेछ वा प्रतिनिधित्व गर्नेछ जसले समस्या समाधान गर्ने निकायलाई सधाउ पुर्‍याउनुका साथै यसै विषयमा अध्ययन गर्ने जो सुकैलाई पनि सहयोग पुर्‍याउनेछ ।

## २.२ पूर्वसाहित्यको पूनरावलोकन

सुकुम्बासी सुगौलि सन्धिको समयमा नेपालको केहि भु-भाग गुमेको र उक्त भु-भागको नाम सुखिम रहेको थियो जुन भारतको सिक्किममा पर्दथ्यो सोहि ठाउँबाट धपिएर नेपालमा शरणार्थीको रूपमा नेपालको सीमानामा पर्ने पूर्वी क्षेत्रमा आई बसोबास गरेको

पाईन्छन् तीनै जनसंख्यालाई सुकुम्बासी भन्ने गरिएको र पछि त्यो नाम मानिसको जनजिब्रोबाट अपभ्रंश भई परिवर्तन हुँदै सुकुम्बासी भन्न लागिएको पाईन्छ जसलाई नेपालको शरणार्थीको रूपमा लिने गरियो पछि सुकुम्बासी शब्द सुखिमबाट आएका शरणार्थी मात्र नभई देशभित्र विभिन्न प्राकृतिक विपत्ति तथा जीवनको शुरुको अवस्था देखि नै घरवार विहिन भएका, निजि स्वामित्व नभएका, सरकारी वा सार्वजनिक जमिनमा स-साना टहरा बनाई जीविकोपार्जन गर्दै आएका समुह वा जनसंख्यालाई सुकुम्बासी भनिन्छ ( सुकुम्बासी आयोग २०५२) ।

**वडाल (२०५५)** ले, नेपालमा २००७ सालको समाप्ति पछि प्रजातान्त्रिक शासन पद्धतिको प्रारम्भसँगै वि.सं. २०११ सालमा अधिराज्य भर भिषण बर्षा भई बाढी-पहिरोले हजारौं रोपनी खेती योग्य भूमि नोक्सानी गराएपछि कयौं परिवार भूमिहीन भई गाँस, बासको समस्या उत्पन्न भएको थियो । वि.सं. २०१५ सालको औलो उन्मूलन कार्यक्रम प्रारम्भ भएबाट नेपालमा भारत, बर्मा आदी ठाउँबाट र देशभित्र नै एक ठाउँबाट अर्को ठाउँमा बसाइँसराई सर्ने क्रमले वन विनास तीब्र रूपमा हुन गई अनियमित रूपको बसोबासको प्रकियाबाट दैवी घटनाहरू निम्त्याइँ झन मानिसहरू सुकुम्बासी बन्न पूगेका थिँए । ०.१ हेक्टर देखि ०.२ हेक्टर सम्म जमीन भएका किसान परिवार संख्या ४,६८,८७८ परिवार रहेको र लगभग ०.२ हेक्टर भन्दा कम जमीन भएका र हुँदै नभएका समेत परिवार संख्या १० लाख रहेको बताएका छन् ।

CBS (2003) मा नेपालमा भूमि वितरण अन्यायपूर्ण असन्तुलन रहेको साथै परम्परागत कृषि उत्पादन र उत्पादकत्व जनसंख्या वृद्धिको सापेक्षता अनुरूप वृद्धि हुन नसकेको पाइन्छ । यसले गर्दा बर्षेनी सुकुम्बासीको जनसंख्या बढ्दै गएको देखिन्छ । नेपालका कुल ४२,५३,००० परिवारमध्ये २,२७,६७५ परिवारको वास बनाउनको लागि प्रयाप्त भूमि नभएको साथै ८,०२,६१५ परिवारलाई खेतीगर्न कुनै जमिन नभएको र नेपालमा ०.१ हेक्टर भन्दा कम जमिन भएका कृषक ८.५ प्रतिशत भएको उल्लेख गरिएको छ । त्यस्तै शर्मा ( २०४५) का अनुसार, खान नपुग्ने परिवार संख्या ७,०४,९११ भएको र तिनीहरूलाई खान पुग्ने जमिन दिने हो भने थप हेक्टर जमिनमा पूर्नवास गराउनु पर्ने देखाएका छन् ।

Frederick and Gaize (1975) का अनुसार नेपालको तराई क्षेत्र कृषि उत्पादनले प्रसिद्ध भएकोले त्यस क्षेत्रमा आर्थिक तथा सांस्कृतिक क्रियाकलापमा भारतीय प्रभाव रहेको पाइन्छ । जस कारण भारतीय र पहाडियाहरू यस ठाउँमा बसाइँसर्न थाले । सरकारी स्तरबाट नै पहाडियाहरूलाई र उच्च कुलीन वर्गलाई प्राथमिकता दिएबाट तराईका सर्वसाधरण वासिन्दाहरू भूमिबाट विस्तापित हुनुपर्ने भयो । लामो समय देखी कृषि पेशा गर्दै आएका मानिसहरू वाहिरिए भने पहाडीयाहरूले जग्गा कब्जा गर्न थाले । पहाडिया ब्रामह्णहरू आर्थिक, राजनीतिक तथा सामाजिक क्षेत्रमा उच्च हैसियत भएकाले तराईबासीहरूको न्युन हैसियतका कारण उनैमा निर्भर हुनुप-यो । पहाडीयाहरूको अन्याय अत्याचारबाट उनीहरू आँफु बस्दै आएको ठाउँ छोडी अन्यन्त्र बसाइँसर्न थाले जसबाट भूमिहीन बन्दै गए । यति मात्र नभई सरकारबाट नै जमिन्दारीलाई उच्च कर लगाएपछि तराईका जमिन्दारी थारु, मगर लगाएतका परिवारहरूको आर्थिक स्थिति घट्दै गयो । बाहुन क्षेत्रीका बस्ती बाक्लीदै गयो । यसरी मानिसहरू भूमिबाट बञ्चित हुनुप-यो भनिएको छ ।

Bista (1991) मा नेपाल र भारतबीचमा पृष्ट र केन्द्रको सम्बन्ध रहेको छ । नेपाल माथि भारतले विभिन्न शोषण गर्दै आएको छ । सन् १९५० को दशकपछि देखा परेको आधुनिकीकरणको सिद्धान्तले विश्वका विभिन्न राष्ट्रहरूको आर्थिक तथा सामाजिक विकास हुन नसक्नुको कारण पत्ता लगाउन सकेन समाजमा गरीबी र असमानताहरू बढे । नेपाल लगाएत तेस्रो विश्वका मुलुकहरू विकसित राष्टमा निर्भर हुन पुगे । तेस्रो विश्वका मुलुकहरू पछाडि पर्नुमा साम्राज्यवादी एवं पूँजीवादी राष्टहरूले अल्पविकसित मुलुकहरूलाई आर्थिक शोषण गर्नु नै प्रमुख कारण रहेको थियो । गरीब तथा अल्पविकसित राष्टले विकसित राष्टहरूसँग प्रतिस्पर्धा गर्न नसक्दा यिनीहरूको व्यापार घाटा भई कच्चा पदार्थ एवं सस्ता वस्तुहरू निर्यात गरि महँगा वस्तुहरू भित्र्याउन बाध्य भए जसले परनिर्भरता बढ्दै गयो । नेपालको गरिबीलाई प्रभाव पार्ने तत्व राजनैतिक अर्थनीति हो । नेपालमा सुगौली सन्धी भए देखी नै भारतीय परनिर्भर बन्दै गएको नेपाल भित्रै काठमाण्डौं शहर केन्द्र क्षेत्रमा रहेर वरपरका क्षेत्रलाई आफूँप्रति निर्भर बनाएको छ भने पृष्ठ क्षेत्रमा रुकुम, डोल्पा, आदी क्षेत्र तथा स्थान गरीब मूलमा देखिन्छ ।

Regmi, Mahes Chandra (1971) ले नेपालमा सामाजिक आर्थिक सम्बन्ध परम्परागत प्रथा अनुसार चल्नुका साथै वंशगत रूपमा जग्गा हस्तान्तरण हुने गर्दछ । समाजको प्रमुख व्यक्तिले समाज परिचालन गर्ने निहुँमा समाजका गरिब किसानबाट ऋणको चर्को ब्याजका कारण जग्गा असुल्ने गरे जसले गर्दा सर्वसाधरण जनताहरू भूमिहीनको अवस्थामा पुग्नु पऱ्यो ।

Caplan (1970/2000) मा भनिएको छ, अठारौं शताब्दीका समयमा हिन्दुहरू जातीय समुहको बस्तीतिर बसाइँसरे । हिन्दु र लिम्बुहरूमा जातीय, सांस्कृतिक असमानताका कारण  हिन्दुहरूको दमन र शोषणका पछि पूर्वी नेपालका जनजातिहरू बसाइँ सर्न थाले पश्चात मानिसहरू भूमिहीन र शक्तिहीन बन्दै गए ।  लिम्बुहरू हिन्दुहरूबाट अलग रहन बसाइँ सरे भने हिन्दुहरू पनि उनीहरूकै क्षेत्रतिर बसाइँ सर्दै जमिन कब्जामा लिंदै गए । हिन्दुहरू सरकारी स्तरबाट नै उच्च पद र तहमा भएकाले र लिम्बुहरूको सामाजिक सांस्कृतिक चलनले गर्दा ऋण कारोबार हिन्दुहरूसँग गर्नु पऱ्यो । आर्थिक स्तर कमजोर भएबाट समयमा तिर्न नसक्नु र उच्च ऋणका कारण आफ्ना भएका सम्पति हिन्दुहरूले कब्जा गरे जसका कारण भूमिहीन हुन पुगे । साथै प्राकृतिक जन्मदरको वृद्धिले परिवार छुट्टिदै जाँदा र बसाइँसर्नुपर्ने बाध्यताले भूमिहीन हुँदै सुकुम्बासी बन्न पूगेका जनाएका छन् ।

Shrestha (1990) का अनुसार सामाजिक, आर्थिक, भौगोलिक कारणहरू भूमिनीतिसँग सम्बन्धित छन् । बसाइँसराईले भूमिहीन हुन सहयोग गर्छ । अविकसित र जनसंख्या वृद्धिले भूमिहीनताको सिर्जना गर्छ । सामाजिक असमानताका कारण भूमिहीन जनसंख्या वृद्धि भएको कुरा उल्लेख गरेका छन् । जनसंख्या वृद्धिको सम्बन्ध समाजमा गरिबसँग रहेको पाईन्छ । यसको प्रभावले कृषि समाजमा भूमिहीन तथा भूमिहीनताको विकासमा परेको छ । प्राचीन समाजमा जमिनको आवश्यकता नभएको तर सामन्ती उत्पादन प्रणालीसँगै भूमिको महत्व रहन गएकोले सामाजिक आर्थिक असमानता तथा जनसंख्या वृद्धिसँगै भूमिको अभाव हुँदै गयो । जसकारण मानिसहरू गरिबतिर धकेलिँदै गए । प्रकृति द्वारा नै भूमि सीमित तर दिनप्रतिदिनको जनसंख्या वृद्धिले भूमिहीन भएको कुरा उल्लेख गरेका छन् ।

**जयसवाल** (२०६५) का अनुसार साम्प्रादायिक सामन्ती राज्यसत्ता युक्त राजनीतिका कारण मधेशका जनता सुकुम्बासी एवं श्रमिक बनेका छन् । बहुजातीय समाजमा राज्यको एक जातीय नीति एवं संरचनाका कारणले नेपाली जनतामा उत्पीडित तथा समस्याहरू दिनप्रतिदिन आइरहेका छन् । मध्य युगीन राजतन्त्रात्मक अवधिमा खस पहाडिया राज्य सत्ताको उपनिवेश बनेको प्रारम्भिक अवधि भएकाले उनीहरूको दमनका कारण मधेशीलाई मधेशबाट विस्तापित गर्ने गरिएबाट उनीहरू सुकुम्बासीको नाममा घना जनबस्ती छोडेर जंगल फडानी गरि बस्न थाले । खुला सीमानाका कारण भारत जान र भारतीय मधेश आउन सहज भएबाट भारतीय महङ्गा बस्तु नेपाल भित्रीए भने नेपाली कच्चा पदार्थ सस्ता मुल्यमा भारत प्रवेश गरेबाट मानिसहरू गरिबबाट गरिब हुँदै जाँदा सुकुम्बासीको अवस्थामा जीवन चलाउन बाध्य भएको कुरा उल्लेख गरिएको छ ।

**मिश्र** (२०६३) **मा** पूँजीवादी राजनीति अर्थतन्त्रले देश, समाज, समुह ,वर्ग तथा जातिहरूको संरचना स्वरूप र सम्बन्धमा नेपालको पहाडी क्षेत्रवाट थुप्रै मानिसहरू कामको खोजीमा सिक्किम विहार , दार्जिलिङ्ग, आसामतिर लागे । तराईका क्षेत्रमा व्यापक वन फँडानी गरी कृर्षि क्षेत्र विस्तार गरी भारतीय क्षेत्रमा रेलमार्ग निमार्णका निम्ति आवश्यक काठ उपलब्ध गराउनु नै नेपाल अल्पविकसित देशतिर धकेलिनुका प्रमुख कारण रहेको थियो । नेपाल विश्व व्यवस्थात्मक प्रणाली भित्र छिर्न पुग्दा अरु बढी परनिर्भर र गरीब हुन पूग्यो । नेपालका उच्च वर्ग ,शासक, कर्मचारीले आफ्नो स्वार्थ पुरा गर्न तल्लीन रहे । गरीबहरू विभिन्न अवसरहरूबाट बंञ्चित हुँदै जाँदा गरीब व्याप्त हुन पूग्यो । गरीबी निवारणका लागि नेपालमा भित्रिएको ऋृण गरीब जनतासामु पूगेन । भूमिको असमान वितरणले गर्दा कोही भूमिहीन बन्न पूगे भने कोही भूमिपती रहे । देशको स्रोत र साधनलाई जिम्मेवारी लिएका नेतृत्व वर्ग र उच्च वर्गका कर्मचारीहरूले आफ्नो स्वार्थका निम्ति प्रयोग गर्दा कोही भूमिहीन बन्दै गए भने कोही दिन प्रतिदिन धनी बन्दै गए । केही सुकुम्बासीहरूले सुकुम्बासीका नाममा जग्गा प्राप्त गर्ने बेच्ने र पुनः सुकुम्बासी बन्ने कार्य भैरहेको जनाएका छन् ।

Engalsh (1985) मा गरिबी मानवीय आवश्यकता परिपूर्ति नहुनुका साथै मानवीय अवसरबाट बंचीत हुनु, न्युनतम शिक्षा, न्युनतम पोषण सुविधा आदि नै गरिबी हो

। नेपालको राजनीति इतिहाँस परिवर्तन हुँदै आएको छ । एकीकरण पश्चात्का शासन व्यवस्थामा विभिन्न शक्तिहरू देखा पर्दै आए भने राणाकालीन सामाजिक व्यवस्था, २००७ मा प्रजातन्त्रको बहाली, पंचायती व्यवस्थाको शुरुवात अनि २०४६ सालमा जनआन्दोलन जस्ता राजनीतिक परिवर्तनहरू नेपालका इतिहाँसमा पाइन्छ । नेपाली ऐतिहासिक समाजमा उच्च वर्गले गरेको दमन शोषण अन्याय अत्याचार जातीय उचता र निचता एवं शुद्धताका आधारमा जातिको आर्थिक सामाजिक धार्मिक पक्षका बीचको सम्बन्धले समाज अगाडी बढेको थियो । नेपालमा १०४ वर्षे निरंकुश राणाकालीन समयमा तराईका उब्जाउ भूमिहरू राणाका परिवारले आफ्नो कब्जामा लिए अनि विर्ता बाड्ने काम गरे । आफन्तवाद र भाइ-भारदारहरूलाई आफ्नो शासनको हिस्सा बनाउँदै गए भने सर्वसाधरणलाई दासको व्यवहार गरे जसबाट निकाश पाउन सर्वसाधरणले आन्दोलन गरेतापनि राजनीतिक तथा आर्थिक बेमेलले आफ्नो हक पाउन सकेनन् विग्रदो राजनीतिक वातावरणले गर्दा थुप्रै नेपालीहरू बसाइँ सरे । २० औं शताब्दीको अन्त्य तिर नेपाल गरीब देशमा परिणत हुन पुग्यो । बेरोजगारी, जनसंख्या वृद्धि, खुला सीमाका कारण भुटान देखी नेपालमा मानिसहरू भित्रीएको उल्लेख गरेका छन् ।

Blaike, Cameron, seddon (1980) मा नेपालको भौगोलिक अवस्था, अनुत्पादक तथा अव्यवहारिक आर्थिक र राजनीतिक प्रणाली विश्व व्यवस्थामा नेपाल पृष्ठ स्थानमा रहनु आदिनै अल्पविकास संकटका कारणहरू हुन् । भू-क्षय, जनसंख्या वृद्धि, वातावरणीय ह्रास , विदेशी साम्राज्यवादी नीतिले नेपाललाई संकटतर्फ धकेलेको पाइन्छ । १७ र १८ औं शताब्दी जनसंख्या कम भएतापनि सन् १९११ पछि जनघनत्व वृद्धि भएबाट बढ्दो जनसंख्यालाई थेग्न भूमि कम भयो । तराईमा बसाइँसराईको समस्या, हिमाली क्षेत्रमा उर्वर भूमिको अभाव, सक्षम र काम गर्न सक्ने जनशक्तिहरू विदेश जाने गरे । सन् १९९१ मा ५६,३८,७४९ रहेको जनसंख्या सन् १९७६ मा १,२३,९३,००० पुग्यो । यस प्रकारको बढ्दो जनसंख्यालाई उत्पादनले थेग्न सकेन र भोकमरी बढ्यो । सन १९५६ मा राष्ट्रिय उत्पादन प्रतिवर्ष २ प्रतिशत बढ्दै जाँदा जनसंख्या वृद्धिदर २.५ प्रतिशत रह्यो यसले नेपाल गरिब हुनुका साथै दिन प्रति दिन अरु गरिब बनेको देखिन्छ । व्यापार धाटा, बेरोजगारी, जनसंख्या बृद्धि, बसाइँसराइ, पर्यावरणीय ह्रास, भौगोलिक असामञ्जस्यता आदिले विभिन्न संकटहरू

पैदा गर्‍यो । खुला सीमाका कारण भारतीय पूँजी व्यवस्थापन र श्रमिक तराई क्षेत्रमा भित्रिए पश्चात भूमि ओगट्दै गए भनिएको छ ।

**देउजा** (२०६७) मा भूमिको उत्पादकत्वसँग गरिबीलाई प्रत्येक्ष रूपमा जोडिएकोले समाजमा जमिन हुनेहरू माथि र नहुनेहरू तीनै उपल्ला वर्गको छाँयामूनि बाँच्नु परेको कुरा देखाईएको छ । परम्परागत रूपमा नै सामन्ती स्वरूप रहेको नेपाली समाज वर्गीय र विभेदकारी अभ्यासबाट मुक्त भएर भूअधीनत्व, जातीय उच्चता र समाजको सम्भ्रान्त वर्गले भूमि हीनताको विषय र गरिब किसानका अधिकारलाई पन्छाएबाट गरिबी दिन प्रति दिन समस्याको रूपमा रहेको छ । यति मात्र नभएर राज्यद्धारा नै व्यक्तिलाई जाति, वर्ण, लिङ्ग, भाषा, राजनीतिक, अथवा सामाजिक उत्पति, सम्पति, जन्म हैसियतबाट विभेद नगर्ने भनिएता पनि सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थामा तीनै समुदाय पछाडि परेकाले तिनीहरूको जीवनयापनमा खाद्यान्न, शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता अपरिहार्य आवश्यकताको अभाव छ ।

**आर्चाय** (२०६०) मा ऐतिहासिक घटनाहरू एकीकरण अभियान, राणाशासन, पञ्चायती शासन एवं बहुदलीय व्यवस्थाको उदयसँगै भए गरेका द्धन्द्धले नेपाल एकातिर पुँजीवादको फन्दामा परी शोषिएको र अर्कोतिर स्वदेशी शासक वर्ग, सामन्त र उच्च पदस्त कर्मचारीको स्वार्थी चालाले नेपाल परनिर्भरताको भूमरीमा पर्दै आएको छ । १८ औं शताब्दीको अन्त्य तिर नेपाल सार्वभौम राष्ट्रको रूपमा रहेबाट तमाम जनतामा सामुहिक भावनामा फरक-फरक राजनीतिक, सामाजिक संरचनामा समाज विभक्त हुन पूग्यो । द्धितीय विश्वयुद्ध पछि विकासका विभिन्न लहरहरू देखिए तर नेपालको विकास हुन सकेन उच्च तथा सामन्ती वर्गले विकासका नाममा विभिन्न स्रोत असुरे, समाजमा उच्च वर्ग धनी र निम्न वर्ग दरिद्रताको खडेरीमा भासिँदै गए । राणा शासनको विरुद्धमा बोल्नेहरूलाई असुरक्षा हुन थाल्यो । राणाहरूले आफूँलाई उच्च वर्गमा राखे भने अरुलाई निम्न वर्गमा राखे । जात/जातीयता नातेदार, आफन्तको धेरा भित्र रहेर सामाजिक, सांस्कृतिक, आर्थिक, सम्बन्धको निमार्ण भयो । समाज परम्परागत रूपमा अगाडी बढ्दै गयो । राणाकालीन समय उनीहरूको बोलीमा नै तत्कालीन समाजको नियम चल्ने भएकोले उनीहरूलाई

खुसी पार्न सेवामा तल्लीन हुनुपर्ने थियो । यस समयमा केन्द्रीय स्तरदेखी स्थानीय तहसम्म राणा र आफन्तवाद रहेकाले सामाजिक स्तरिकरण उच् निच् भएको पाईन्छ । सन् १९६० मा तराईमा मलेरियाको अन्त्य गर्ने कार्यक्रमले तीब्र रूपमा जनसंख्या बढेको थियो । हिमाली तथा पछाडी इलाकाको तुलनामा तराई क्षेत्र आर्थिक विकासका दृष्टिले निकै उपर्युक्त भएकाले हिमाली र पहाडी इलाकाबाट आर्थिक समस्याले गर्दा तराईमा झरेको देखिन्छ । तराई क्षेत्रमा उत्पादकत्व बृद्धि भएकाले बसाइँसराईबाट जनसंख्याले रोजगारीको अभावका साथै वातावरणीय प्रदुषण अनि सुकुम्बासी समस्या चकिदै गएको छ । सन् १९५९ मा चीनले तिब्बतलाई आफ्नो अधिनमा लिएपछि झण्डै ६००० मानिस नेपालमा शरणार्थीका रूपमा आई स्थायी बसोबास गरे । पछिल्लो समयमा केहि समय भुटानी शरणार्थी समस्या रह्यो भने हाल यो समस्या समाधान पुर्ण रुपमा नभए पनि धेरै हद सम्म समाधान भई सकेको अवस्था छ ।

**श्रेष्ठ** (२०६७)  प्राचीन समाजमा ठुलाबढाको हातबाट सामाजिक मुल्य मान्यता चल्ने हुँदा उनीहरूको निर्णय अनुरूप समाजका तल्ला वर्गहरू जग्गा उपभोग गरेवापत जमीनदारलाई नगदी पोत बुझाउनु पर्दथ्यो । जसलाई प्राचीन समाजमा उखडा प्रथाले चिनिन्थ्यो । यी प्रथाहरू केही जिल्लाहरूमा प्रचलित रहेको पाईन्छ । झोरा जग्गा मोरङ, झापा, सुनसरी जस्ता जिल्लाहरूमा जंगल फडानी गरी समायोजन व्यवस्था वि.सं. २०२८ मा लागु गरियो । भूमि ऐन वि.सं. २०२१ अनुसार सरकारमा मालपोत तिर्नुपर्ने गरी आफ्नो नाममा दर्ता गरी हक जमाउन थालेपछि यस्ता जग्गा धनीलाई जग्गा वाला भनियो भने झोरा क्षेत्रको जग्गा भोगचलन गर्दै आएका रैती परिवारको संख्याका आधारमा जग्गा विक्रि वितरण गरिने व्यवस्थाबाट केही मानिसहरूले जग्गा कब्जा गरे भने अन्य भूमिहीन अवस्थामा   देखिए । यसैगरी खर्क जग्गा जहाँ खेती नहुने तर भेडा, च्याङग्रा व्यवसाय हुने हुँदा मालपोत खर्चरी रकम तिर्नुपर्ने गरी खर्के जग्गा दर्ता गरी आफ्नो हक स्थापित गर्दै गए बाँकी स्वत : सुकुम्बासी भए । यसरी परम्परागत रूपमा नै विभिन्न माध्यमबाट सुकुम्बासी बन्दै आएका छन् ।

यस प्रकार सुकुम्बासी समस्या बारेमा सरकारी तवरबाट समयमा कुनै पनि प्रकारबाट किन र कसरी समाज तथा राष्ट्मा मानिसहरू दिनप्रतिदिन सुकुम्बासी भएका छन्

भन्नेबारे उजागर गर्न नसकेकोले सुकुम्बासी कसरी भए भन्नेबारे आधिकारीक प्रमाणहरू पाउन सकिएको छैन । माथि गरिएको अध्ययनहरूमा समाज विकासको क्रमसँगै समाजमा समान्ती वर्गको उदयका कारण समाजका सम्भ्रान्त मानिसहरूले विभिन्न माध्यमबाट जमिनहरू आफ्नो कब्जामा लिएपछि समाजमा भूमिहीनको अवस्था सिर्जना भएको पाईन्छ । २०११ सालमा भएको भिषण बाढीका कारण पनि मानिसहरू भूमिहीन भए । २०१३ सालको औलो उन्मूलन पछि भारतबाट र पहाडी इलाकाबाट नेपालको उर्वर क्षेत्रको रूपमा परिचित तराई क्षेत्रमा आई मानिसहरूले बसोबास गर्न थालेकाले तिनीहरू भूमिहीनका रूपमा रहेको पाईन्छ । भूमि सुधारको नाममा सरकारबाट जमिन्दारी प्रथा लागु भएकाले सर्वसाधरणले कर तिर्न नसक्दा भूमिहीनको अवस्था सिर्जना भएको पाईन्छ । प्रकृति द्धारा नै सीमित जमिन भएको र जनसंख्या वृद्धि दिनप्रतिदिन बढ्दो रूपमा रहेबाट तथा वंश हस्तान्तरणको क्रमसँगै जमिनको पनि हस्तान्तरण गर्नु पर्ने सामाजिक मूल्य मान्यताका कारण मानिसहरू भूमिहीन बनेका छन् । भौगोलिक विविधताका कारण विभिन्न बाढी,पहिरो र तराइमा पूर्वमा लिम्बुवान र हिन्दुवान बिचको द्धन्दको कारण आदि विभिन्न कारणले साथै खेतीपाति नहुनुका साथै दैनिक गुजारा चलाउन गाह्रो परेका गरिब परिवारहरू राम्रो तथा उत्पादन वृद्धि हुने ठाउँमा आफूँहरूलाई बसाइँ सार्दै जाँदा भूमिहीन भएको देखिन्छ ।

यस क्षेत्रको अध्ययनको लागि विभिन्न सामाग्रीहरु तथा पूर्व साहित्यहरुको अध्ययन गरिनुका साथै विभिन्न देशका समाजशास्त्री, मानवशास्त्रीहरुले भनेका कुराहरुको अध्ययन गर्नुका साथै विभिन्न देशका समाजशास्त्री र मानवशास्त्रीहरुले भनेका केही प्रमुख कुराहरुलाई उल्लेख समेत गरिएको छ । उक्त भनाईहरु मेरो अध्ययनमा मिल्दा जुल्दा देखिन्छन् । मैले अनुसन्धान गर्ने क्रममा Engalsh Richard ले भने जस्तै मानवीय आवश्यकता परिपूर्ति नहुनु साथै मानवीय आवश्यकता परिपूर्ति नहुनु साथै मानवीय अवसरबाट वञ्चित हुनु, न्युनतम शिक्षा, न्युनतम पोषण सुविधा आदि नै गरिव हो भन्ने कुरालाई उक्त बस्तीका सुकुम्बासीहरुको कुरा सुन्दा र देख्दा अझ बढी स्पष्ठ हुने मौका पाएँ उनीहरु माथि उल्लेखित कुराहरु नपुग्दा आफुलाई गरिव भएको महशुस गरेको पाएँ त्यस्तै Blaike, Cameron Seddon ले भने जस्तै नेपालको भौगोलिक अवस्था, अनुत्पादक

तथा व्यवहारिक, आर्थिक र राजनितिक प्रणाली विश्व व्यवस्थामा नेपाल पृष्ठ स्थानमा रहनु अर्थात राजनितिक अस्थिरता हुनुले देश पछाडि पर्नु विभिन्न समस्याहरु देखा पर्नु भू-क्षय, जनसंख्या बृद्धि, साम्राज्यवादी नीतिले नेपाल पछाडि परेको भने पक्कै महशुष गर्न सकिन्छ ।

त्यस्तै चैतन्य मिश्रका अनुसार भूमिको असमान वितरणले गर्दा कोही भूमिहीन बन्न पुगेका र कोही भूमि पति बन्न पुगेका मानिसहरु समाजमा देख्न सकिन्छ ।

त्यसैगरी श्याम श्रेष्ठका अनुसार वि.सं. २०२१ अनुसार सरकारमा मालपोत तिर्नुपर्ने नीतिले गर्दा सर्वसाधारण ले कर तिर्न नसक्दा सर्वसाधारणहरु जग्गा प्राप्तिबाट वञ्चित हुनु परेको थियो । अर्थात मालपोत तिर्ने निहुमा जग्गा आफ्नो नाममा दर्ता गरि हक जमाउन थाले जसले गर्दा रातारात भूमिपति बने भने कोही रातरात भूमि हिन बन्न पुगे जुन कुरा हामी समाजमा देख्न, सुन्न अनि पढन सक्छौं ।

२०१३ सालको औलो उन्मुलन पश्चात देशको पहाडी क्षेत्रबाट मानिसहरु तराईमा झर्नु यतिमात्र कहाँ हो र भारतबाट समेत तराईमा मानिसहरु भित्रिइनु र सरकारबाट जमिनदारी प्रथा लागु भएकाले उनीहरु कर तिर्न नसकी सुकुम्बासी शुद्ध बन्नु परेका कुराहरु रहेका छन् ।

मैले उक्त अनुसन्धानमा ए.जी. फैकको परनिर्भताको सिद्धान्त र Blaike, Cameron को जनसंख्या बृद्धि, भू-क्षय जस्ता कुराहरुलाई नजिकबाट महशुष गरी अनुसन्धानलाई अगाडि बढाए उक्त अनुसन्धान क्षेत्रका सुकुम्बासीहरुलाई हेर्दा पनि उक्त सिद्धान्तको मेल पाएँ उत्तरदाताहरुका अनुसार सुकुम्बासी बन्नुका पनि यस्तै कारणहरु पाएँ । केही मानिसहरु जनसँख्या बृद्धिका कारण पुर्खाको नाममा रहेको ५/१० धुर जग्गामा धेरै जना बस्नु पर्ने हुनाले उनीहरु मध्येबाट कुनै परिवार यस स्थानमा आई बसेको पाइन्छ । भने कतिपय घरपरिवार अरुकै जग्गा बटैया लगाउने र उनीहरुकै जग्गामा बसेको त्यस अवस्थामा विभिन्न समस्याहरु खेप्नु परेको भनी उत्तरदाताहरु बताउँछन् । मैले अध्ययनको लागि छनौट गरेका २० घरपरिवारमा १२ घरपरिवार बटैया गर्दागर्दै यहाँ आएको र ५ घरपरिवार मैले माथि उल्लेख गरे जस्तै पुर्खाको नाममा रहेको थोरै जग्गा जहाँबाट आफुलाई केही आँउदैन । त्यस स्थानबाट यस स्थानमा घडेरी पाउने आशामा बसेका छन्

। त्यस्तै ३ घरपरिवारहरु अन्य कारणले यस स्थानमा आई बसेका छन् । उनीहरुको प्रमुख समस्या भनेको उक्त जमिन आफ्नो नाममा नहुनु कतै कुनै बेला त्यहाँबाट छोड्नु पर्ने हो कि भन्ने चिन्ताले सताएको छ । भने अर्को कुरा आफु सुकुम्बासी हुनु परेकै कारण गरिबी भई विभिन्न दुःख कष्ट झेल्दै आउनु परेको बताउँछन् आफुसित जग्गा जमिन नहुँदा सबै खाने कुराहरु किनेरै खानु पर्ने र धेरै नपढेको हुनाले राम्रो काम गर्न नसक्ने र सधैँ जसो काम गर्न नसक्ने र सधैँ जसो काम पाउन पनि गाह्रो हुने र परिवारलाई चाहिने खर्च जुटाउन गाह्रो भएको र आफ्नो बालबच्चालाई राम्रो शिक्षा दिक्षा दिन नसकेको देखिन्छ । उक्त बस्तीमा बस्ने प्रेमा चौधरी र उहाँको श्रीमान पढे लेखेको हुनाले उहाँ विदेश गएको र यता प्रेमाले पनि कक्षा ८ सम्म पढेको हुनाले उनीहरुको आर्थिक अवस्था अलिक राम्रो देखिन्छ

सुकुम्बासी हुनुका कारण र असरका बारेमा खोजि नीति गर्नको लागि सम्बन्धित पक्षले दह्रो प्रयास गरेको देखिदैन साथै बुर्दिया जल्ला मधुवन नगरपालिका वडा नं. ६ का सुकुम्बासीहरु सुकुम्बासी हुनुका कारण र सुकुम्बासी हुनाले तिनीहरुको सामाजिक तथा आर्थिक जीवनमा परेको विभिन्न असरको अवस्थालाई लिएर कुनै पनि साहित्यको पूनरावलोकन गरिएका पुस्तक तथा लेखहरूमध्ये कसैले पनि प्रस्तावित शीर्षक माथि सम्बन्धीत कुनै पनि अध्ययन गरिएको नपाइएको हुँदा उक्त शीर्षक माथि शोध पत्र तयार गरिएको छ ।

अध्याय तीन

# अनुसन्धान विधि

## ३.१ अध्ययनको क्षेत्र छनौट

सुकुम्बासी रहेका जिल्लाहरु मध्ये बर्दिया जिल्ला पनि एक प्रमुख जिल्ला मानिन्छ । देशमा सुकुम्बासी समस्या समाधानका प्रयासहरु भएता पनि दिन दिनै यो समस्या बढ्दै गएको पाइएको छ वर्तमान समयमा सुकुम्बासी समस्या जल्दो बल्दो अवस्थामा रहेको छ । यस अध्ययन क्षेत्रको छनौट गर्नुको तात्पर्य यस बस्तीमा धेरै संख्यामा सुकुम्बासी घरहरू रहेका छन् । उनीहरूको दैनिक जीवनयापन घरको अबस्था र सामाजिक, आर्थिक, शैक्षिक, साथै अन्य सामान्य जानकारी लिएको छ । उक्त क्षेत्रका मानिसहरू के-कसरी सुकुम्बासी भए र तिनीहरूको समस्याका बारेमा अध्ययन गरिएको छ ।

प्रस्तुत अध्ययनलाई व्यवस्थित, वैज्ञानिक एवं विश्वसनीय बनाउनका निम्ति विविध अध्ययन विधिको प्रयोग गरिएको छ । उक्तक्षेत्रमा अध्ययन गर्दा प्राथमिक तथा द्वितिय तथ्याङ्क संकलन विधि अपनाएको छ । प्राथमिक तथ्याङ्क संकलनमा प्रत्यक्षरुपमा अध्ययन क्षेत्रमा पुगी उनीहरु सँग अर्न्तवार्ता लिइने साथै अवलोकन गरिएको छ भने द्वितिय तथ्याङ्क संकलन विधिको प्रयोग पनि गरिएको छ जस्तै विभिन्न विद्धानहरुका पुस्तक, लेख,रचना, पत्र पत्रिका साथै विभिन्न तथ्याङ्कको प्रयोग गरिएको छ साथै उक्त क्षेत्रका समाजसेवी,शिक्षक, कर्मचारी वा जान्ने व्याक्ति बाट पनि विभिन्न जानकारी लिइएको छ । साथै उक्त क्षेत्रमा जम्मा १०२ घरधुरी रहेका छन् उक्त १०२ घरधुरीहरु सबैको अध्ययन गर्दा साधन स्रोत र समयको कारणले नभ्याउने हुँदा उक्त १०२ मध्ये Random Sampling को माध्यमबाट प्रत्येक २० घरधुरी मध्ये ५ घरधुरी पर्ने गरी २० घरधुरीको बारेमा जानकारी लिइएको जसले समग्र १०२ घरधुरीको प्रतिनिधित्व गर्नेछ । जसमध्ये ३ घरपरिवारको Case Study गरिएको छ । उक्त Case Study ले अझ प्रस्टरुपमा त्यहाँका सुकुम्बासीको समस्या बुझ्न सजिलो भएको छ । जस्ले समग्र सुकुम्बासीको प्रतिनिधित्व गर्नेछ र साथै देशका विभिन्न ठाँउमा रहेका सुकुम्बासी सबै का सबै समस्याको अनुमान

गर्न सकिनेछ र सम्बन्धीत विभिन्न क्षेत्र तथा निकायलाई सुकुम्बासी समस्या समाधान गर्न सघाउ पुग्नेछ भन्ने अनुमान गर्न सकिन्छ ।

## ३.२ अनुसन्धानको ढाँचा

कुनै पनि अध्ययनको लागि अनुसन्धान ढाँचा निकै महत्वपुर्ण मानिन्छ । यस अध्ययनमा वर्णनात्मक अनुसन्धान ढाँचाको प्रयोग गरि "सुकुम्बासी समस्या : कारण र असरहरू" शीर्षकमा केन्द्रित रही सुकुम्बासीहरूको सामाजिक तथा आर्थिक अवस्थाका बारे व्याख्या एवं विश्लेषण गरिएको छ । अध्ययनको लागि मधुवन नगरपालिका वडा ६ का सुकुम्बासी हरुलाई प्रश्नावलीको माध्यमबाट उनीहरुको पहिलेको अवस्था र अहिले यस क्षेत्रमा बसोबास गर्दाको अवस्थासँग तुलना गर्ने खालका प्रश्नावली भराई वा प्रश्न पढेर सुनाएर प्रश्न सोधी, उत्तर भराइएको छ । साथै विभिन्न क्षेत्रबाट सहयोग लिइएको छ। जस्तै सरकारी निकाय, राजनितिक ब्याक्तित्वहरु, वुद्धिजिविहरु, सर्वसाधरण जनतासँग अर्न्तवार्ता लिइएको छ । वर्तमानमा उनीहरुका अवस्था, भोगेका समस्या अध्ययन गरी प्रश्नावली र अन्तर्वार्ता साथै केही घरको Case Study लिइएको छ ।

## ३.३ नमुना छनौट

तथ्याङ्क संकलन गर्ने कममा सम्पूर्ण जिल्लाका सुकुम्बासीको अध्ययन गर्न सम्भव नहुने हुँदा हाल यस मधुवन नगरपालिका वडा नं.६ मा बस्दै आएका सुकुम्बासीको अध्ययन गरिएको छ । जुन ठाँउको अध्ययन खास भएको पाँइदैन उक्त क्षेत्र अध्ययनकर्ताको स्थानिय क्षेत्र भएको हुँदा अध्ययनको लागि सहज र वास्तविक तथ्याङ्कमा सहयोग पुग्नेछ । उक्त बस्तीमा जम्मा १०२ घरधुरी रहेको घरको बारेमा अनुसन्धान गर्न स्रोत साधन र समयको अभाव हुनाले मैले उक्त घरधुरी मध्येबाट प्रत्येक २१/२० घर बाट ५ घर पर्ने गरी जम्मा २० घरको बारेमा अनुसन्धान गरिएको छ जसमा सबै घरको प्रतिनिधित्व तिनै २० घरले गर्दछन् ।

## ३.४ तथ्याङ्कको स्रोत

प्रस्तुत अध्ययनका लागि दुई प्रकारको तथ्याङ्कलाई प्रयोगमा ल्याइएको छ । प्राथमिक स्रोत अनुसार सरकारी,गैरसरकारी संघसंस्था, घरपरिवार र स्थानिय व्यक्ति रहेका छन् । द्वितिय स्रोत अनुसार कमैया सम्बन्धि विभिन्न प्रकारका पत्रपत्रिका, पुस्तक र लेख रहेका छन् ।

## ३.५ तथ्याङ्क संकलन गर्ने तरिका

### ३.५.१ तथ्यांकको प्रकृति र स्रोत

यस अध्ययनका लागि प्राथमिक तथ्यांक तथा द्वितीय तथ्यांक, संख्यात्मक र गुणात्मक तथ्यांकहरूको प्रयोग गरिएको छ । यसमा द्वितीय तथ्यांकको रूपमा विभिन्न पुस्तक, पत्र पत्रिका, वडा तथा न.पा कार्यालयहरूमा राखिएको रेकर्डहरूबाट प्राप्त तथ्यांकलाई उपयोग गर्ने प्रयास गरिएको छ भने प्राथमिक तथ्यांकको लागि अनुसन्धानकर्ताद्वारा अध्ययन क्षेत्रमा गई स्वयं तथ्यांक संकलन गरियो ।

### ३.५.२ प्राथमिक तथ्यांक

यस अध्ययनका लागि प्राथमिक तथ्यांकको भूमिका महत्वपूर्ण हुने हुँदा अध्ययनलाई वास्तविक तहमा पूर्‍याउनका निम्ति प्राथमिक तथ्यांक संकलनको लागि अर्न्तवार्ता र अवलोकन आदि विधिको प्रयोग गरी प्राथमिक तथ्यांकको संकलन गरिएको छ ।

### ३.५.३ द्वितीय तथ्यांक

सुकुम्बासीहरूको समस्या समाधान सम्बन्धी अध्ययनको लागि उपलब्ध भएसम्म पुस्तकालय, पत्रपत्रिका आदिबाट आवश्यक ठानिएका तथ्यांकहरू संकलन गरिएको छ । साथै वडा तथा न. पा.को कार्यालय आदिमा रेकर्ड राखिएका तथ्यांकहरूलाई सक्दो मात्रामा संकलन गरी अध्ययन गरियो ।

### ३.५.४ मुख्य सूचनादाता

मुख्य सूचनादाताहरुमा यसै समुदायबाट जसको सम्बन्ध फराकिलो छ । जो सुकुम्बासी आन्दोलनमा सहभागी भइरहेका छन्, गाँउका जान्ने बुझ्ने व्याक्ति र गाँउकी अध्ययक्ष प्रेमा चौधरी ज्यू सँग जानकारी लिइएको छ । साथै अनुसन्धान क्षेत्रका १०२ घर परिवार मध्ये दुई समुहमा २१ र तीन वटा समुहमा २० घरधुरी राखी प्रत्येक समुहबाट ५ घरधुरी पर्ने गरी गोलप्रथाको माध्यमबाट २० घरका घरमुली लगायत आवश्यक परेको खण्डमा अन्य सदस्यबाट समेत सहयोग लिएको छ ।

## ३.६ अध्ययनको सीमा

प्रत्येक अध्ययन क्षेत्रको आ-आफ्नै सीमा हुन्छ । यस अध्ययन स्नाकोत्तरको आंशिक आवश्यकता पुरा गर्ने उदेश्यबाट प्रेरित भएता पनि नेपालमा रहेका सुकुम्बासीका समस्या र उनीहरुको वास्तविक स्थिीतिको जानकारी हुनुका साथै समस्या समाधानमा सघाउ पुऱ्याउने छ । साथै देशका विभिन्न ठाँउका सुकुम्बासीका बारेमा अध्ययन अनुसन्धान भएता पनि यस क्षेत्रमा त्यति अध्ययन भएको पाइएन त्यसैले बर्दिया जिल्ला मधुवन नगरपालिका वडा नं. ६ मा भएका सुकुम्बासीलाई अध्ययन गरिएको छ ।

### अध्याय चार

## अध्ययन क्षेत्रको परिचय

### ४.१ अध्ययन क्षेत्रको अवस्थिती

नेपालको सबभन्दा बढी गर्मी हुने ठाँउ मध्य पश्चिमाअञ्चलमा पर्ने बाँके जिल्लाको नेपालगञ्ज नजिकैको अर्को जिल्ला बर्दिया जिल्लाको सदरमुकाम गुलरिया देखि १३ कि.मी. पश्चिममा रहेको कुसुम्बा बजारको दायाँ तिर  टिसीयन फाँटा नामको एक सुकुम्बासी बस्ती रहेको छ । यहाँ धेरै जसो मानिसहरु थारु जातिका छन् भने अन्य जातिका मानिसहरुको पनि संलग्नता रहेको छ । यस क्षेत्रमा भारतको रहन सहन खानपिन लवाइ खवाईको प्रत्यक्ष प्रभाव परेको पाइन्छ । तराइको सम्म परेको ठाँउ रहेको खेतिपाति पनि प्रशस्त मात्रामा हुने भूमि रहेको छ । प्रशस्त मात्रामा वनजङ्गल रहेको जसमा ठुला ठुला सालका रुखहरु पाइन्छ ।

### ४.१.२ भौतिक संरचना

अध्ययन क्षेत्रलाई विशेषरुपमा विश्लेषण गर्दा यस बस्तिमा मानिसहरु लामो समय पछि विभिन्न सर्घष लाई पार गर्दै वल्लतल्ल आफ्नो वासस्थानको टुङ्गो लगाएका छन् उक्त क्षेत्रको बस्तिलाई हेर्दा झुरुप्प रहेको बस्तीमा स-साना झुप्रा घरहरु देखिन्छन् धेरैजसो घरहरु बाँस, नल, छ्वालीले बनेका घरहरु  छन् भने जसले दैनिकरुपमा अलिअलि कमाउने, जो कमाउनको लागि साउदी कतार गएका छन् र घरमा अलि टाठा र बलिया ब्याक्ति छन् उनिहरुले भने अलि राम्रा जस्तै इट्टा,टिन जस्ता सामाग्री प्रयोग गरि घरहरु बनाएको पाइन्छ। उक्त बस्तीमा कमाउनको लागि विदेश जाने मानिसहरु चाँहि एका दुई भएको पाइएको छ ।

### ४.१.३ जलवायु

यस क्षेत्रको जलवायुको पक्षलाई हेर्दा विषम देखिन्छ गर्मिमा अति गर्मी र जाडोमा अति ठण्डा हावा पानी पाइन्छ । साथै चैत बैशाखमा अत्यधिक ठुलो हावा चल्दा वासस्थानमा क्षति पुर्‍याउनु साथै तातो हावा (लू) चल्ने गर्दछ जसले प्रत्यक्षरुपमा मानिसको स्वाथ्यमा हानि गर्दछ भने वर्षा याममा समयमा पानी नपर्ने कारण खेतीपातिमा

नराम्रो असर पर्ने गर्दछ भने साहुन, भदौ तिर अत्यधिक पानी पर्नाले धेरै जसो ठाँउ डुबानमा परि धन, जनको समेत नोक्सानि भएको पाइन्छ । जसले गर्दा मानिसहरुलाई नकरात्मक असर पर्दछ । विशेष गरि गरिब हरु यि समस्याहरुको मारमा पर्दछन् । साथै उक्त बस्तिका सुकुम्बासीहरुले दुख र सास्ति खेप्नुपरेको छ ।

### ४.१.४ जातजातिको बनोट

उक्त क्षेत्रमा बसोबास गर्न आएका मानिसहरु मध्ये अधिकांश थारु जातिका रहेका छन भने केहि अन्य जातिका रहेको पाइयो जुन दलित जातिका रहेका रहेका छन् भने जनजातिका पनि केहि घर रहेको पाइयो । उक्त स्थानमा बसोबास गर्न आउने ब्याक्तिहरु एउटै गाँउबाट नभएर विभिन्न ठाँउबाट आइ बसेको पाइन्छ । जहाँ विभिन्न सँस्कृतिका मानिसहरुको बसोबास रहे पनि मिलेर बसेको र एक अर्कालाई सहयोग र सद्भाव रहेको साथै मर्दा पर्दा एक अर्कालाइ सहयोग गर्ने प्रबृति यर्हाका मानिसमा रहेको पाइन्छ ।

### ४.१.५ पेशा

यस बस्तिका मानिसहरुको मुख्य पेशाा मजदुरी रहेको पाइयो धेरै परिवारमा परिवारका सबै ब्याक्तिहरु मजदुर गर्ने बताउँछन् साथै काम नपाएको खण्डमा भारत तिर काम खोज्नको लागि जाने गरेको उक्त बस्तिका प्राय जसो लोग्ने मानिसहरु बताँउछन् र कोहि कोहि मानिस कामको लागि खाडी मुलुकसम्म पुगेको पनि पाइन्छ । साथै काम नभएको खण्डमा यहाँका महिलाहरु जङ्गलमा गई तरकारी खोज्नुका साथै माछा मार्ने पनि गरेको पाइन्छ ।

### ४.१.६ शैक्षिक अवस्था

उक्त सुकुम्बासी बस्तिमा शिक्षाको अवस्था हेर्दा अझै पनि पछि परेको देखिन्छ भने कोहि कोहि परिवारमा पढेलेखेका मानिसहरु भएता पनि उनिहरुले बिचैमा छोड्नु परेको बताउँछन् उक्त पढेका मानिसहरुको शिक्षालाई हेर्दा प्राय जसो सात आठ कक्षामा पढाई छाडेका छन् कोहि तिन चार कक्षामा छाडेका छन् भने उच्च शिक्षा हासिल गर्ने नगन्य मात्रा रहेको देखिन्छ । भने कोहि कत्ति पनि नपढेका मानिसहरु रहेको भेटिन्छ । उक्त बस्ति बसेको समय धेरै नभएको र परिवार बाँडिएर आएको हुँदा यहाँका मानिसहरुमा

बुढापाकाहरुको संख्या कम रहेको पाइन्छ । जसको परिवारमा पढेलेखेका व्याक्ति छन् उनि हरुले दुखै गरेर भए पनि आफ्ना बच्चा बच्चिलाई पनि बोडिङ्ग स्कुलमा पढाएको देखिन्छ, परिवारमा मेलमिलाप हुनुका साथै उनिहरुको घरको आर्थिक अवस्था पनि राम्रै रहेको पाइयो भने अशिक्षित परिवारमा भने आफ्ना बच्चा बच्चिको पढाई प्रति त्यति चासो नरहेको परिवारमा वेमेल साथै घरका सदस्यहरु जाड, रक्सि,खैनी चुरोट जस्ता लागु पदार्थ सेवन गर्ने परिवार प्रतिको जिम्मेवारी बहन नगर्ने जसले गर्दा आर्थिक अवस्था कमजोर रहेको पाइन्छ ।

### ४.१.७ यातायात

यातायात सम्बन्धमा उक्त बस्ति बजारको नजिक हुनाले सार्वजनिक यातायातको लागि सहजै मानिएको पाइन्छ । उक्त क्षेत्रबाट जिल्लाको सदरमुकाम जान, ब्यपारिक केन्द्र नेपालगञ्ज साथै त्यहाँबाट काठमाण्डौ, पोखरा जानको लागि समेत सुबिधा भएको उत्तरदाताहरु बताउँछन् ।

### ४.१.८ स्वास्थ्य

अध्ययन क्षेत्रमा सामान्य स्वास्थ्य चौकी र औषधी पसलहरु मात्र रहेको हुँदा सामान्य बिरामी पर्दा उपचार भए पनि ठुलै बिरामी हुँदा उपचारको लागि टाढा टाढा सम्म जानु पर्ने बाध्यता यहाँका मानिसहरुलाई छ । जसले गर्दा बढी खर्च जुटाउनु पर्ने गरिब मानिस हरुलाई यो खर्च पुरा गर्न नसकेर ज्यानै गुमाउनु पर्ने बाध्यता रहेको देखिन्छ ।

# अध्याय पाँच

# सुकुम्बासी हुनुका कारण र विविध क्षेत्रमा परेको असर

## ५.१ सुकुम्बासी हुनुका कारणहरू

वर्तमान परिवेशमा सुकुम्बासी एउटा जटिल समस्याका रूपमा रहेको छ । सुकुम्बासी सम्बन्धी समस्याहरू समाज भित्रको परिवेश अर्न्तगत पर्दछ । विशेष गरी शहरीकरणको बृद्धि हुनु अर्थात् आकर्षणका कारणहरू द्धारा बसाइँसराईमा प्रभाव पर्नु जसले गर्दा विकसीत ठाउँमा जनसंख्याको चाप बढ्दै गएको पाईन्छ । जनसंख्या वृद्धि, प्राकृतिक प्रकोप ( बाढी, पहिरो, भू–क्षय आदी ), सामन्ती उत्पीडन (साहु महार्जनको आर्थिक शोषण), सामाजिक चलन, भूमिको अभाव, भएको जमिन छोडेर, घरवारी लिलाम, लालपूर्जा नहुनु जस्ता कारणहरूले आफुहरू बस्दै आएको जमिन छोडी काम र बासको खोजीमा यस ठाउँमा सरकारी जमिन ओगटी छाप्रा बनाई जीविकोपार्जन गर्दै आएका छन् ।

वि.सं.२००७ सालसम्म तराई प्रदेश घना जङ्गलले ढाकेको हुनाले त्यस ठाउँमा मानिसहरू आउने कम कम थियो । देशका अधिकांश मानिसहरू पहाडी र हिमाली प्रदेशमा बसोबास गर्दथे । यसै सालमा भएको राजनैतिक परिर्वतनपछि राणा कालमा लगाईएका आवात–जावतको बन्देज हटाइएपछि तराईमा पूर्नवास कार्यक्रम सञ्चालन भयो । जसको परिणाम स्वरूप तराई प्रदेशमा मानिसहरूको आर्कषण बढ्न थाल्यो । हिमाली र पहाडी प्रदेशको गरिबी, भौगोलिक अवस्था, यातायात, संचारको असुविधा, स्वास्थ्य सेवा र सुविधाको अभाव, कष्टप्रद जीवन पद्धति, आदि हुनु र तराई क्षेत्रमा औलो उन्मूलन, विकासका पूर्वाधारको सिर्जना, स्वास्थ्य, शिक्षा, यातायात आदिको सुविधाका कारणले तराई प्रदेशमा बसाइँसराईको गतिविधि बढी भएको पाईन्छ । अर्थात् शहरीकरणले स्तरीय जीवन व्यतित, शिक्षा, स्वास्थ्य सेवाको विस्तार, यातायात र संचारको विकासमा सकारात्मक प्रभाव पार्ने हुनाले विकासदेखि टाढा रहेका जनसमुदायका मानिसहरू राम्रो सुविधा उपभोग गर्न बजारतिर सर्ने प्रचलन बढदो छ वा सुकुम्बासी भएरै पनि बजारको छेउमा बस्ने

प्रबृत्ति बढ्दै गएको छ । त्यस्तै अध्ययन क्षेत्रका मानिसहरु सुकुम्बासी बन्नु विभिन्न कारणहरु रहेका छन् ।

**तालिका नं. १**

**सुकुम्बासी हुनुका कारणहरु**

| **विवरण** | **महिला** | **प्रतिशत** | **पुरुष** | **प्रतिशत** | **जम्मा** | **प्रतिशत** |
|---|---|---|---|---|---|---|
| जनसंख्या बृद्धि (सामाजिक आर्थिक) | ३ | १५ | २ | १० | ५ | २५ |
| प्राकृतिक प्रकोप | – | | १ | ५ | १ | ५ |
| घरवारी लिलाम | – | | १ | ५ | १ | ५ |
| आर्थिक शोषण | १ | ५ | २ | १० | १ | १५ |
| सामाजिक चलन | १ | ५ | १ | ५ | २ | १० |
| भूमिको अभाव | २ | १० | ३ | १५ | ५ | २५ |
| लाल पूर्जा नहुनु | १ | ५ | २ | १० | ४ | १५ |
| **जम्मा** | **९** | **४५** | **११** | **५५** | **२०** | **१००** |

**स्रोतः स्थलगत सर्वेक्षण, २०७५**

तालिका नं. १ मा सुकुम्बासी हुनका कारणहरुको तथ्याङ्क प्रस्तुत गरिएको छ जसमा जनसंख्या बृद्धि र भूमिको कारण सुकुम्बासी भएको बताउने परिवार संख्या सबैभन्दा धेरै अर्थात २५/२५ प्रतिशत रहेको छ । त्यस्तै अर्को प्रमुख कारण लाल पूर्जा नभएको बताउने घर परिवार संख्या २० प्रतिशत रहेको छ । सुकुम्बासी हुनको कारण आर्थिक शोषण बताउने १५ प्रतिशत र सामाजिक चलन बताउने घर परिवार संख्या १० प्रतिशत रहेको छ । त्यसै गरी सुम्बासी हुनका कारण बताउने घरबारी लिलाम, भएको जमिन छोडेर ५ प्रतिशत घर परिवार रहेको पाइयो ।

### ५.१.१. जनसंख्या वृद्धि

जनसंख्या वृद्धिका कारणहरूमा सामाजिक र आर्थिक कारणहरू प्रमुख मानिन्छन् । सामाजिक कारणहरू अर्न्तगत विवाहको व्यापकता, संयुक्त परिवार, अज्ञानता र अन्धविश्वास, गर्भ निरोधक साधनहरूको प्रयोग सम्बन्धी धारणा, छोराको चाहाना रहेका छन् भने आर्थिक कारणहरूमा गरिबी तथा परिवारको आर्थिक अवस्था र पेशा प्रमुख रहेका छन् ।

समाजमा विवाहलाई अनिवार्य सामाजिक संस्कारको रूपमा लिईएको पाइन्छ । समाजमा वंशपरम्परालाई निरन्तरता दिन, नाता सम्बन्ध बढाउन, यौन सम्बन्ध स्थापित गर्न, सन्तानको जन्म दिन र परिवारको स्थापना गर्न प्रत्येक पुरुष र स्त्रीले विवाह गर्नै पर्छ । यस प्रकार हाम्रो समाजमा विवाहलाई महत्व दिइनु र छिटो सन्तानको जन्म दिनु पर्ने कारणले जनसंख्या बढ्न गएको पाइन्छ । एउटा परिवारको सीमित भूमिमा जन्मसँगै हुर्कन, बढाउनदेखि लिएर छुट्टिभिन्न प्रकियामा सोही भूमिमा भाग लगाउँदै जाँदा भूमिहिन भई सुकुम्बासी जीवन विताउन बाध्य भएका छन् ।

संयुक्त परिवार प्रथाले सानै उमेरमा विवाह गर्ने र छिट्टै बच्चा जन्माउन प्रेरित गर्छ । यसबाट बाबु-आमालाई बच्चा हुर्काउन र पालनपोषण गर्न बोझ हुँदैन जसले तीब्र जनसंख्या बृद्धि गर्न सहयोग गर्छ । हाम्रो समाजमा अझैपनि धेरै मानिसहरू अशिक्षित छन् जसका कारण उनीहरू ठूलो परिवारको आकार र जनसंख्या वृद्धिबाट परिवार र समाजलाई पार्ने असरहरूको जानकारीबाट बञ्चित भएकाले जनसंख्याको चाप बढि रहेको छ । विशेष गरि ग्रामिण समाजमा बच्चा पाउनु ईश्वरको आशिर्वादको रूपमा लिने र जन्म नियन्त्रण गर्न नहुने अन्धविश्वासका कारण पनि जनसंख्या वृद्धि भएको छ ।

गर्भ निरोधकका साधनहरूको जानकारी र प्रयोगले जन्मलाई प्रभाव पार्छ । हाम्रो ग्रामिण समाजमा अज्ञानता, अशिक्षा, परम्परागत सामाजिक मूल्य मान्यताका कारण गर्भ निरोधकका साधनहरू प्रयोग गर्न चाहदैनन् । फलस्वरूप जन्मदर उच्च हुन गई जनसंख्याको वृद्धिदर तीब्र गतिले बढ्न गएको पाईएको छ ।

नेपाली समाज पितृप्रधान भएबाट वंश परम्परालाई निरन्तरता दिन, आमा-बाबुको मृत्युपछि पिण्डपानी दिन, परिवारलाई निरन्तरता दिन छोराको जन्मलाई अपरिहार्य मानिन्छ । शिक्षित व्यक्तिमा समेत छोराको चाहाना गहिरो भएकाले छोरा नहुन्जेल सन्तानको जन्म दिदै जाँदा जनसंख्या तीब्र रहेको पाईन्छ ।

गरिब परिवारमा जन्मदर उच्च हुने गरेको पाईन्छ किनभने सन्तान धेरै भएपछि काम गर्ने हातहरू पनि हुने जसले घरको आर्थिक अवस्था राम्रो रहने, खान लाउन दुःख नहुने, खेतवारीमा काम गर्न, घरायसी काममा पनि सहयोग हुन्छ भन्ने धारणाले धेरै सन्तान जन्माउने गरेको पाईयो ।

कृषि पेशामा संलग्न परिवारका सदस्यहरूले धेरै सन्तानको जन्म दिन्छन् अन्य पेशामा रहेका परिवारले भन्दा । किनभने घरयासी काम गर्न सजिलो हुने धारणले धेरै सन्तान जन्म दिन प्रेरित हुने कारणले जनसंख्या वृद्धि उच्च रहेको पाईयो । जसबाट भूमिको अभावसँगै सुकुम्बासी जीवन विताएको पाईन्छ ।

समयको परिवर्तनसँगै बढ्दो जनसंख्यालाई नियन्त्रण गर्नको लागि नेपाल सरकारले विभिन्न कार्यक्रम मार्फत स्वयंसेवकहरू घरघरैमा गई परिवार नियोजनको अस्थायी साधनहरू उपलब्ध गराई राय सल्लाह दिएबाट पछिल्लो पिंढीका वर्गहरूले पहिलाको तुलनामा समग्र दुई वटा बच्चाहरू मात्र जन्माउनाले जनसंख्याको बृद्धिदरमा केही कमी आएको पाईयो ।

### ५.१.२. प्राकृतिक प्रकोप

हाम्रो देश नेपाल भौगोलिक विविधतालेयुत्त भएको हुनाले बर्षेनी प्राकृतिक प्रकोपका कारण हजारौ मानिसहरू घरवार विहीन भई सुकुम्बासी जीवन विताउन बाध्य भएका छन् । यस स्थानका मानिस थोरै मात्रामा भए पनि प्राकृतिक प्रकोप को कारण अथार्त बाढीका कारण  बसेको ठाउँ छोडी यहाँ बस्दै आएका पाईयो । प्राकृतिक प्रकोपलाई सामाजिक अध्ययन क्षेत्रमा राखेर अध्ययन गरिएको छ ।

### ५.१.३. घरवारी लिलाम

जीवनयापनको क्रमसँगै यस स्थानका एक बासिन्दाले कृषि खेती गर्न कृषि बैकमा आफ्नो सम्पतिको रूपमा जग्गा धितो राखी पैसा निकाली केही रकम कृषि क्षेत्रमा लगानी गरे र केही रकम घरायसी काममा खर्च गरे । कृषि पेशामा लगानी अनुसारको उत्पादन भएन अर्थात् घाटा भयो भने उता बैंकको किस्ताबन्धी पैसा समयमा तिर्न नसक्दा जरिवाना लागेर आफ्नो सम्पती बराबरको रकम भएबाट जग्गाधनीको सहमतीमा बैंकले जग्गा लिलाम गर्‍यो अर्थात् ऋण लिने किसानको जग्गा कब्जा गरेबाट आँफुहरूले बास उठाउन परेर यस स्थानमा सुकुम्बासी जीवन विताउदै आएको पाईयो ।

### ५.१.४. आर्थिक शोषण

आफुहरू बसोबास गदै आएको ठाउँमा दैनिक गुजारा चलाउन त्यसै बस्तीका धनीमनीको घरहरूमा काम गर्नुपर्ने तथा आफ्ना पूर्खाले गदै आएको काम तीनै सम्पन्नशाली व्याक्तिका घरहरूमा आँफुहरूले पनि काम गर्दै जाने परम्परा रहेको थियो । यसरी गरिने कामको उचीत मूल्यांकन गरि पैसा नदिनु र त्यसमा उनीहरूले कुनै प्रतिकार पनि नगर्ने किनभने भोली पनि तीनै घरमा काम गरि जीवन चलाउन पर्ने हुँदा सधै शोषणमा पर्ने गरेकाले कहिलै आर्थिक अवस्था माथि उठाउन नसकेबाट उक्त ठाउँ छोडी यस स्थानमा सुकुम्बासी जीवन विताउदै आएको पनि पाईयो ।

### ५.१.५. सामाजिक चलन

हाम्रो समाजको मूल्य, मान्यता, कायम गर्नका लागि समय-समयमा आउने चाडपर्व मान्न, छोरा-छोरीको विवाह आदि कार्यका लागि समाजका गरिब वर्गले तीनै समाजका धनी तथा शाहु कहाँबाट ऋण माग्ने गरेको त्यसलाई समयमा तिर्न नसक्दा उनीहरूको चर्को व्याज र व्याजको स्याज कायम गर्दा धेरै भएको रकम असुल्नको लागि ऋणीहरूको भएको जमिन साहुले कब्जा गरे जसका कारण यस स्थानमा सुकुम्बासी जीवन विताउदै आएको पाईयो ।

### ५.१.६. भूमिको अभाव

परापूर्व कालदेखी नै समाजका तल्ला वर्ग अर्थात् गरिब तथा दलित जो छन् तिनीहरूलाई राज्य द्वारा सेवकका रूपमा लिने चलनबाट उनीहरूसँग जमिन नरहेको वा भूमिको अभाव रहेको पाईयो । समाजका उच्च वर्गको सेवा गर्नु वा उनीहरूको घरमा काम गरे वापत आफ्नो गुजारा चल्ने प्रक्रियाबाट पुस्तौ-पुस्तादेखी भूमिको अभाव भएको पाईयो । जसकारण उनीहरू गरिब तथा सुकुम्बासी हुनु परेको भेटियो ।

### ५.१.७. लालपूर्जा नहुनु

यस स्थानमा बसोबास गर्ने कतिपय मानिसहरु अर्कैको जग्गामा बसेर काम गरेका र अहिले यस स्थानमा आई बसोबास गरेका छन् भने केही मानिसहरु भने पुर्खाको नाममा भएको सानो टुक्रामा बसोबास त्यो पनि संयुक्त परिवारमा र उनिहरुलाई उक्त टुक्रा आफ्नो लागि केही नहुने हुँदा उक्त ठाउँ छोडी यस स्थानमा सुकुम्बासी जीवन विताउँदै आएका परिवार संख्या पाईयो ।

### ५.२ विविध क्षेत्रमा परेको असरहरू (सामाजिक र आर्थिक क्षेत्रको अवस्था)

### ५.२.१. टिसीयन फाँटा टोलका सुकुम्बासीहरूको सामाजिक अवस्था

प्रत्येक समाजको सामाजिक अवस्था देश, काल, वातावरण अनुसार फरक–फरक पाउन सकिन्छ । सामाजिक अवस्थाको संरचना भित्र परिवार, जाति, भाषा, विवाह, शिक्षा आदि जस्ता विषयहरू रहेको पाईन्छ । अत : प्रस्तुत अध्ययनको लागि गरिएको स्थलगत अध्ययनबाट पनि यिनै विषयहरूको बारेमा अलग–अलग नतिजाको स–विस्तार ब्याख्या एवं विश्लेषण गरिएको छ ।

### ५.२.१.२ परिवारको प्रकार

परिवारको प्रकारलाई अध्ययन गर्दा सभ्यताको विकासको क्रममा शुरु अवस्थामा संयुक्त परिवारमा बस्ने चलन थियो । यो चलन विस्तारै एकल परिवार तिर आकर्षित हुँदै गएको भेटिन्छ भने थारु बस्तिमा हेर्दा अझै पनि धेरै परिवार संयुक्त रुपमा बसेको भेटिन्छ तर यो बस्तिमा भने परिस्थिती अलि बेग्लै रहेको छ यहाँको यो बस्ति जनआन्दोलन पछि संरचित बस्ति भएकोले गर्दा कमैया बसेका र संयुक्त परिवारमा बसेका केही व्याक्ति जग्गा पाउने आशामा उक्त स्थानमा आई बसेकोले गर्दा यहाँका अधिकांश परिवार एकल परिवार रहेको पाइएको छ ।

**तालिका नं. २**

**परिवारको प्रकार**

| **परिवारको प्रकार** | **परिवारको संख्या** | **प्रतिशत** |
|---|---|---|
| संयुक्त परिवार | ९ | ४५ |
| एकात्मक परिवार | ११ | ५५ |
| **जम्मा** | **२०** | **१००** |

**स्थलगत सर्वेक्षण, २०७५**

यस अध्ययनको आधारमा सुकुम्बासी परिवारमा संयुक्त परिवारबाट छुट्टीएर आएको कारणले पनि एकल परिवारको संख्या बढी रहेको देखिन्छ जसमा जम्मा लिइएको घर

परिवार संख्या मध्ये ५५ प्रतिशत घरपरिवार एकात्मक परिवार रहेको र ४५ प्रतिशत घरपरिवार संयुक्त परिवार रहेको छ । उक्त सुकुम्बासी बस्तीमा थारु जातीको बाहुल्यता रहेको छ । उनीहरु यस ठाँउमा आउनु अगाडी संयुक्त परिवारमा बसेको र त्यसरी बस्दा विभिन्न समस्याहरु भोग्नु परेको कारण जग्गा पाउने आशामा तिनै संयुक्त परिवारबाट छुट्टिएर आएका छन् भने कतिपय घर परिवार यही स्थानमा भए पनि घडेरी पाउने आशामा छुट्टिएर बसेको पाइयो । भने कतिपय घरपरिवार संयुक्त ररुपमा बसेको पाइयो ।

### ५.२.१.३ सुकुम्बासी परिवारको जनसांख्यिक स्थिती

स्थलगत सर्भेक्षण गरिएका २० घरमा गरिएको सर्भेक्षण अनुसार जम्मा जनसंख्या १८९ पाइयो । जस अनुसार औसत परिवार संख्या ५.६ हुन आँउछ । प्रस्तुत तालिकामा सम्पूर्ण जनसंख्यालाई (०–१४) (१५–५९) र (६०+) उमेर समूहमा विभाजन गरि लिईएको छ ।

**तालिका नं. ३**

**सुकुम्बासी परिवारको जनसांख्यिक स्थित**

| उमेर समूह | पूरुष प्रतिशत | महिला प्रतिशत | जम्मा प्रतिशत |
|---|---|---|---|
| ०–१४ | ४२(२२.२२) | ४८(२५.३९) | ९०(४७.६१) |
| १५–५९ | ३९(२०.६३) | ४४(२३.२८) | ८३(४३.९१) |
| ६०+ | ५(२.६४) | ११(५.८२) | १६(८.४६) |
| **जम्मा** | **८६(४५.५०)** | **१०३(५४.४९)** | **१८९(१००)** |

**स्रोतः स्थलगत सर्भेक्षण, २०७५**

यसमा ०–१४ उमेर समूहको कुल जनसंख्या ४७.६१ प्रशित रहेको, १५–५९ उमेर समूहका ४३.६१ प्रतिशत त्यस्तै गरेर ६० भन्दा माथिको ८.४६ प्रतिशत रहेको छ । उक्त तथ्याङ्क लाई हेर्दा सबै भन्दा बढी ०–१४ वर्ष का मानिस पाउन सकिन्छ । खास गरी उत्पादक उमेर समूहको जनसंख्या कम रहेको हामी प्रस्ट देख्न सक्छौं ।

यस अध्ययन क्षेत्रको जनसंख्यालाई लिङ्गको आधारबाट हेर्दा पुरुषको जनसंख्या ४५.५० प्रतिशत र महिलाको जनसंख्या ५४.४९ प्रतिशत छ । यसो देखिनुमा समाजमा छोराको चाहना बढी भएको कारणले छोरी जन्मे पनि छोरा जन्माउने आशामा बच्चा धेरै जन्माएको कारणले गर्दा छोरीको संख्या बढी देखिन्छ ।

### ५.२.१.४ जात/जातिगत विवरण

यस अध्ययनबाट सुकुम्बासीको कस्तो सामाजिक पृष्ठभूमि रहेछ भन्ने कुरा थाहा पाउन सकिन्छ । कुन जातजातिका परिवारहरु सुकुम्बासी बनेका रहेछन् । यिनीहरुको अवस्था कस्तो छ ? यिनीहरु कति कति प्रतिशतको रुपमा रहेका छन् भन्ने कुराहरु नै यहाँ विश्लेषण गरिएको छ ।

**तालिका नं. ४**

**जातिगत विवरण**

| **जातिगत समूह** | **परिवार संख्या** | **प्रतिशत** |
|---|---|---|
| ब्राहमण | १ | ५ |
| क्षेत्री | १ | ५ |
| थारु | १३ | ६५ |
| दलित | २ | १० |
| तामाङ्ग | १ | ५ |
| बादी | १ | ५ |
| अन्य | १ | ५ |
| **जम्मा** | **२०** | **१००** |

**स्रोतः स्थलगत सर्वेक्षण,२०७५**

प्रतिशतको ६५ प्रतिशत रहेको छ । दलितको जातिको जनसंख्या १० प्रतिशत रहेको छ भने अरु ब्राहमण, क्षेत्री, मगर, यस अध्ययनको आधारमा सबैभन्दा बढी जनसंख्या थारु जातिको रहेको जुन जम्मा तामाङ्ग, बादी जस्ता जातजाति नगन्य मात्रामा रहेको पाइन्छ

जुन ५/५ प्रतिशत रहेको छ । धेरै संख्या थारु जातिका मानिसहरु यस बस्तीमा आई बसेको पाइयो । उक्त तथ्याङ्कलाई हेर्दा थारु जातीमा नै जग्गाको अभाव रहेको पाइयो जसको कारण सुकुम्बासी जिवन विताउनु परेको पाइयो ।

### ५.२.१.५ धर्मको आधारमा परिवारको वर्गीकरण

यस अध्ययनमा धर्मको आधारमा परिवारको वर्गीकरण गरी विश्लेषण गरिएको छ । हुनत अहिले नेपाललाई धर्म निरपेक्ष राष्ट्र भनिएको छ । तर मानिसहरुले आ–आफ्नो इच्छा अनुसार धर्म मान्दै आएको पाइन्छ । साथै यहाँ धार्मिक सहिष्णुता रहेको पाइन्छ ।

**तालिका नं.५**

**धर्मको आधारमा परिवारको वर्गीकरण**

| **धर्म** | **परिवार संख्या** | **प्रतिशत** |
|---|---|---|
| हिन्दू | १४ | ७० |
| क्रिश्चियन | ४ | २० |
| वौद्ध | १ | ५ |
| अन्य | १ | ५ |
| **जम्मा** | २० | १०० |

**स्रोतः स्थलगत सर्वेक्षण, २०७५**

यस अध्ययनको आधारमा हिन्दु धर्म मान्ने मानिसको संख्या सबै भन्दा धेरै ७० प्रतिशत रहेको छ । भने दोस्रोमा क्रिष्चयन धर्म रहेको जुन २० प्रतिशत देखिन्छ । त्यस्तै गरेर बौद्ध धर्म ५ प्रतिशत र अन्यमा ५ प्रतिशत धर्म मान्ने मानिसहरु उक्त तथ्याङ्कबाट प्रष्टै देखिन्छ । उक्त सुकुम्बासी बस्तीमा आउने मानिसहरु हिन्दु संस्कारबाट नै हुर्किदै आएको पाइयो ।

### ५.२.१.६ वैवाहिक स्थिति

यस सामाजिक अध्ययनमा वैवाहिक स्थिति महत्वपूर्ण मानिएको छ । समाजको हरेक क्षेत्रलाई यसले प्रभाव पारेको हुन्छ । यस अध्ययनको आधारमा वैवाहिक स्थिति यस्तो प्रकारको रहेको पाइन्छ ।

**तालिका नं.६**

**वैवाहिक स्थिति**

| वैवाहिक स्थिति | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| विवाहित | ४१ | ४५.५५ | ४६ | ४६.४६ | ८७ | ४६.०३ |
| अविवाहित | ४९ | ५४.४४ | ५३ | ५३.५३ | १०२ | ५३.९६ |
| **जम्मा** | **९०** | **१००** | **९९** | **१००** | **१८९** | **१००** |

**स्रोतः स्थलगत सर्वेक्षण, २०७५**

माथिको तालिकामा जम्मा ४५.५५ प्रतिशत विवाहित षुरुष र ५४.४४ प्रतिशत अविवाहित देखिन्छन् । यसमा विवाहित भन्दा अविवाहितको प्रतिशत निकै बढी देखिनुको कारण, ०–१४ उमेर समूहका पुरुषको जनसंख्या समावेश हुनाले हो । यदि यसलाई छुट्याउने हो भने विवाहितको प्रतिशत नै बढी देखिन्छ । त्यसै गरी विवाहित महिला ४६.४६ प्रतिशत रहेको र अविवाहित महिला ५३.५३ प्रतिशत देखिन्छन् । जसमा महिलाको जम्मा जनसंख्या ९९ छ । यसमा पनि ०–१४ उमेर समूहका महिला समावेश भएकोले अविवाहितहरुको प्रतिशत बढी देखिन गएको हो यसलाई बाहेक गर्ने हो भने विवाहित महिलाको प्रतिशत नै बढी हुन आउँछ । पुरुषहरुको तुलनामा महिलाहरुको वैवाहिक प्रतिशत बढी देखिन्छ ।

### ५.२.१.७ शैक्षिक स्थिति

शिक्षाले प्रत्येक व्यक्ति तथा समाजलाई प्रत्यक्षरुपले प्रभाव पारेको हुन्छ । देशलाई सक्षम जनशक्ति प्रदान गर्न सक्दछ । शिक्षाको स्तरबाट नै कुनै पनि देश कस्तो छ भन्ने कुरा थाहा पाउन सकिन्छ । सभ्यताको विकासमा शिक्षाले महत्वपूर्ण भूमिका खेल्दछ । हाम्रो देशमा गरिवी, पछौटेपन, रुढीवादी, ईश्वर प्रति नै भरोसा गर्ने जून प्रवृत्तिहरु रहेको छ ।

यसमा शिक्षा क्षेत्रको विकास हुन नसकेकाले नै हो आजको परिस्थितीमा पनि सुकुम्बासी समस्या देखिनुमा पनि शिक्षाको कमीले नै निम्ताएको समस्या हो ।

**तालिका नं.७**

**शैक्षिक स्थिति**

| **विवरण** | **पुरुष** | **प्रतिशत** | **महिला** | **प्रतिशत** | **जम्मा** | **प्रतिशत** |
|---|---|---|---|---|---|---|
| निरक्षर | १६ | १७.७७ | २६ | २६.२६ | ४२ | २२.२२ |
| साक्षर | १५ | १६.६६ | १२ | १२.१२ | २७ | १४.२८ |
| प्राथमिक | ५५ | ६१.१३ | ५८ | ५८.५८ | ११३ | ५९.७८ |
| माध्यमिक | ३ | ३.३३ | २ | २.०२ | ५ | २.६४ |
| उच्च शिक्षा | १ | १.११ | १ | १.०१ | २ | १.०५ |
| **जम्मा** | **९०** | **१००** | **९९** | **१००** | **१८९** | **१००** |

**स्रोतः स्थलगत सर्वेक्षण, २०७५**

माथिको तालिकाबाट प्रष्ट हुन सकिन्छ कि अझै पनि शिक्षामा जनचेतनाको कमी रहेको छ । अझ भन्नु पर्दा पुरुषको तुलनामा महिलाको शिक्षा अझै कमी रहेको छ । जुन तालिकामा रहेको तथ्यायङ्कलाई हेर्दा निरक्षरमा पुरुषको संख्या १६ रहेको छ भने महिलाको संख्या २६ रहेको छ । साक्षरमा पुरुषको संख्या बढी देखिन्छ जसमा पुरुष १५ जना छन् भने महिला साक्षर १२ जना त्यस्तै प्राथमिक तहमा भने परुषको संख्या ५५ र महिलाको संख्या ५८ रहेको छ यसमा भने महिलाको संख्या बढी रहेको छ । प्राथमिक तह सम्म हुँदा समाजमा बालक तथा बालिका दुबैलाई स्कुल पठाउने र जब बालिकाहरु प्राथमिक तहको शिक्षा लिन्छन त्यसपछि बालिकाहरुलाई स्कुल छुटाएर काममा लगाउने स्कुल नगए पनि हुन्छ बरु काम गर्नु पर्छ भन्ने धारणा हुनु र छिटो विवाह हुने कारणले माध्यमिक तहमा फेरी पुरुषको संख्या महिलाको तुलनामा बढी रहेको छ भने उच्च शिक्षामा भने पुरुष र महिलाको संख्या बराबर रहेको छ ।

### ५.२.१.८ सुकुम्बासीहरूको समस्या

यस बस्तीमा बस्ने सुकुम्बासीहरूका आफ्नो भन्ने कुनै पनि जमिन छैन । हाल बसी आएको जमिन पनि सरकारी जमिन रहेको छ । सरकारले उनीहरूलाई जुनसुकै बेला

हटाउन सक्छ भन्ने हल्ला उनीहरु बताउछन । उनीहरू सधै त्रासको वातावरणमा रहेका छन् । । घरको छानो खरको र कतै टिनको, भित्ताहरूमा काठ, खडाई र कतै ईट्टाको पनि देखियो । बर्षात्को समयमा पानी घरभित्र पसि धनमाल बिगार्ने, पानी जम्ने जस्ता समस्या आउने गरेको सुकुम्बासीहरू बताउँछन् । यस्ता समस्याको समाधान होस भन्ने चाहाना सबैमा भएतापनि सामूहिक प्रयास गरेको देखिएन । सुकुम्बासीहरूको जीवन संचालनमा विभिन्न किसिमका  समस्याहरू देखा परेका छन् । जसलाई तलिकामा देखाईएको छ ।

**तालिका नं. ८**

**उत्तरदाताको आधारमा सुकुम्बासीहरूको समस्या**

| **सुकुम्बासी समस्याहरू** | **घरसंख्या** | **प्रतिशत** |
|---|---|---|
| शिक्षा,स्वास्थ्य,खानेपानी, असुविधा | २ | १० |
| लालपूर्जा सम्बन्धि समस्या | ११ | ७० |
| भूमिको अभाव | ७ | २० |
| जम्मा | २० | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७५**

तालिका नं. ८ मा सुकुम्बासी समस्याहरूको उत्तरदाता संख्या अनुसार लालपूर्जा सम्बन्धि समस्या प्रमुख रूपमा रहेको पाईन्छ भने यस्तो समस्या देखाउने घरसंख्या ११ अर्थात् ५५ प्रतिशत रहेको भूमिको अभाव भन्ने उत्तरदाता घरसंख्या ७ अर्थात् ३५ प्रतिशत तथा शिक्षा, स्वास्थ्य, खानेपानी, असुविधा जनाउने घरसंख्या २ अर्थात् १० प्रतिशत रहेको छ । जुन थोरै घरसंख्यामा रहेको पाईयो ।

यस स्थानमा बसोबास गदै आएका सुकुम्बासीहरूले आफू गरिब भएकाले उचीत शिक्षा, स्वास्थ्यबाट बञ्चित हुनु परेको बताउँछन् । शिक्षा प्राप्त गर्ने चाहाना हुँदा हुँदै पनि काम नगरी पेट पाल्ने स्रोत नभएकाले शिक्षा भन्दा काममा नै व्यस्त रहनुपर्ने बाध्यताका कारण यहाँका सुकुम्बासीहरू बञ्चित भएका छन् । दैनिक काममा जाँदा शरिरलाई आवश्यक आराम लिन नपाउँदा र सोही अनुसारको पौष्टिक आहार खान नपाउँदा अस्वास्थ्य भएको पाईयो ।

यस बस्तीका सुकुम्बासीहरूले लालपूर्जा सम्बन्धी माग पटक-पटक गरेका तर त्यसमा सरकारले कुनै कदम नचालेकोले दुःख व्यक्त गरेका छन् । यति मात्र नभई आफुँहरूलाई पुग्ने प्रयाप्त जमिन नहुँदा सधै अर्काको काम गर्ने गरेको र त्यसबाट पनि जीवन धान्न गाह्रो भएको सुकुम्बासी परिवारहरूपनि यस बस्तीमा बसोबास गरेकोपाईयो ।

### ५.२.१.९ सुकुम्बासी समस्याले जनसंख्यामा पारेको प्रभाव

सुकुम्बासी समस्याले जनसंख्यामा पारेको प्रभावका कारण सुकुम्बासी जनजीवनमा प्रत्येक्ष र अप्रत्येक्ष रूपमा प्रभाव परिरहेको नै हुन्छ । गरिब तथा सुकुम्बासी परिवारमा काम गर्न सजिलो हुने मनसायले आफ्ना छोरा-छोरीलाई चाडै विवाह गरे बोझबाट छुट्कारा पाउने र काम गर्ने हातहरू पनि हुने जसले काम गर्न सजिलो हुन्छ भन्ने अन्धविश्वासले यस्ता परिवारमा छिटो विवाह गराएको पाईयो ।

छिटो विवाहसँगै प्रजनन क्षमतामा वृद्धि हुनुका साथै सन्तान छिटो र धेरै जन्माउने जसबाट वंशकायम हुने र काम गर्न पनि सहयोग मिल्ने कुरामा विश्वास गर्दछन् । यस बस्तीका परिवारमा छोरा नहुन्जेल सन्तानको जन्म दिईरहने र जन्मलाई नियन्त्रण गर्न नचाहने मान्यताका परिवार पनि पाईयो । जन्म धेरै भए पछि राम्रो वातावरण र स्याहारसुसारमा कमी आउनु, बाबुआमा काममा नै व्यस्त रहनुपर्ने, सीमित स्रोत र साधनको उपयोग गरि आफ्ना बालबच्चालाई पोषणयुत्त खाना पूर्‍याउन नसक्नुका साथै छोराहरू छुट्टिदाँ बसोबासको समस्या हुनु सुकुम्बासी परिवारमा स्वाभाविक मानियो । जसलाई तालिकामा देखाईएको छ ।

**तालिका नं. ९**

**उत्तरदाताको आधारमा सुकुम्बासी हुनाले जनसंख्यामा पारेको प्रभाव**

| सु.स.ज.पारेको प्रभाव | घरसंख्या | प्रतिशत |
|---|---|---|
| छिटो विवाह | ५ | २५ |
| स्वास्थ्य, शिक्षाको अभाव | ५ | २५ |
| जन्मान्तर कम हुनु | ५ | २५ |
| कुपोषण | २ | १० |
| बसोबासको समस्या | ३ | १५ |
| जम्मा | २० | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७५**

तालिका नं. ९ अनुसार सुकुम्बासी समस्याले सबै भन्दा बढी जनसंख्या स्वास्थ्य, शिक्षाको अभाव र जन्मान्तर कम हुनु भन्ने उत्तरदाताको घरसंख्या ५/५ त्यसतै गरी छिटो विवाह भन्ने उत्तरदाताको घरसंख्या पनि ५ रहेको अर्थात २५/२५/२५ प्रतिशत रहेको बसोबासको समस्या बताउने घरपरिवार ३ अर्थात १५ प्रतिशत र कुपोषण भन्ने घरपरिवार २ रहेको अर्थात १० प्रतिशत रहेको पाइयो । उक्त सुकुम्बासी बस्तीमा शिक्षा र आर्थिक अवस्था कमजोर भएको कारण बाल बालिकाहरुलाई छिटो विवह गरिदिने पाइयो । जसको परिणाम गरिबी, बेरोजगारी, जनसंख्या बृद्धि जस्ता प्रमुख समस्याहरु देखिन्छन् । जसले गर्दा पारिवारिक अवस्थामा नराम्रो असर परेको पाइयो ।

## ५.३ सुकुम्बासीहरुको आर्थिक स्थिती अनुसार बर्गीकरण

प्रस्तुत अध्ययनको मुख्य उदेश्य सुकुम्बासीहरुको पहिचान गरी उनीहरुका समस्याहरु पत्ता लगाई ती समस्याहरुका समाधानका उपायको पनि खोजी गर्नु हो । मानिसहरु सुकुम्बासी बन्नुमा अन्य सहायक कारणका अतिरिक्त आर्थिक सामाजिक कारण नै प्रमुख समस्याको रुपमा रहेको छ ।

विश्वमा योजनाबद्ध विकासको थालनी रुसबाट भएको पाइन्छ । नेपालम योजनावद्ध विकासको कुरा मात्र राणा कालमा भएपनि खासगरी २००७ सालको क्रान्ति पछि २०१३ सालदेखि पंचवर्षीय योजना शुरु भएको र यस्ता थुप्रै योजना बनेता पनि यस्ता समस्याको समाधान अझै पनि भएको पाँइदैन ।

यक्तिको व्यक्तित्व विकासमा सामाजिक पृष्ठभूमि महत्वपूर्ण हुँदो रहेछ । त्यस्तै गरी आर्थिक कारणले पनि मानिसको व्यक्तित्व विकास र पारिवारिक जीवनमा उत्तिकै महत्वपूर्ण भूमिका निभाएको हुन्छ । आर्थिक विसंगति र असमानताले मानिसको जीवनलाई रुग्ण र कठोर बनाईरहेको छ । वार्षिक २/४ हजार परिवार हाम्रो समाजमा बाढी पहिरो र अन्य प्राकृतिक प्रकोपको कारण सुकुम्बासी भईरहेका छन् उत्पादनमा ह्रास जनसंख्या बृद्धि बेरोजगारी, आर्थिक शोषण र भौगोलिक विकटताले गर्दा पनि सुकुम्बासी भइ आर्थिक सामाजिकरुपबाट पछाडि परेका छन् ।

ग्रामीण क्षेत्रबाट शहरी क्षेत्र तिर कामको खोजिमा वसाई सराइको गति बढेको छ । ग्रामीण क्षेत्रको सामाजिक आर्थिक एवम् वातावरणीय समस्या दिन प्रति दिन विग्रदै गएको छ । बर्तमान समयमा कृषि उत्पादन र जमीन नै प्रमुख सम्पत्ती तथा आर्थिक स्रोतको रुपमा रहेको छ । यससँग रोजगारीको स्थिती मिलाई समग्र विकासको लागि प्रत्येक समुदाय तथा जनजातिको विकास हुन जरुरी रहेको छ ।

### ५.३.१ पेशा व्यवसायको आधारमा वर्गीकरण

उत्पादक उमेर समूह (१५–५९) को आधारमा पेशा व्यवसायको वर्गीकरण गरी विश्लेषण गरिएको छ । प्रमुख पेशाको रुपमा अरुको कृषियोग्य भूमिमा दैनिक ज्यालादारी

साथै निमार्ण काममा ज्याला मजदुरी गरेको र नगन्य रुपमा व्यापारव्यवसाय साथै नगन्य रुपमा कामको शिलशिलामा विदेश वा नेपालमा नै काठमाण्डौ तिर ज्यालादारीको काममा गएको भेटियो ।

**तालिका नं. १०**

**पेशा व्यवसायमा संलग्न जनसंख्याको वर्गीकरण**

| **विवरण** | **जनसंख्या** | **प्रतिशत** |
|---|---|---|
| कृषि क्षेत्रमा ज्याला मजदुरी गर्ने | २३ | २७.७१ |
| निर्माण क्षेत्रमा ज्यालामजदुरी गर्ने | २१ | २५.३० |
| कृषि क्षेत्र र निर्माण क्षेत्र दुबैमा काम गर्ने | ३० | ३६.१४ |
| जागीर गर्ने | १ | १.२० |
| व्यापार व्यवसाय गर्ने | ३ | ३.६१ |
| अन्य | ५ | ६.०२ |
| **जम्मा** | **८३** | **१००** |

**स्रोतः स्थलगत सर्वेक्षण, २०७५**

अध्ययन स्थल रहेका जम्मा घर परिवार मध्ये मैले २० घरपरिवारको तथ्याङ्कलाई वृस्तीत रुपमा अध्ययन गरेको उक्त घरपरिवारमा १८९ जनसंख्या मध्ये काम गर्ने उमेर समूह अथार्त १५–५९ सम्मको जनसंख्या ८३ जनाको रहेको छ । यो जनसंख्या आर्थिक रुपले सक्रिय अर्थात उत्पादक समूहको जनसंख्या हो जसलाई मात्र पेशा व्यवसायमा प्रत्यक्ष योगदान दिन सक्ने भएकाले यहाँ यो समूहलाई मात्र समावेश गरिएको छ । जसमा धेरै जसो मानिसहरुको आम्दानी ज्याला मजदुरी रहेको छ यसो हुनुमा शिक्षाको अभाव अथवा उनीहरु पढे लेखेको नहुँदा राम्रो काम नपाइने तथा अन्य काम गर्न नसक्ने हुनाले यहाँका धेरै जसो मानिसहरुले ज्याला मजदुरी गरको पाइयो । जसमा कृषि ज्यालामजदुरी र निमार्ण ज्यालामजदुरीको काममा धेरै भन्दा धेरै मानिस संम्लग्न रहेको कुरा उक्त तालिका बाट प्रष्ट देख्न सकिन्छ । जसमा संलग्न हुने २६.१४ प्रतिशत जनसंख्या रहेको छ । त्यस्तै कृषि क्षेत्रमा २७.७१ प्रतिशत जनसंख्या कृषि ज्यालादारीमा मात्र संलग्न रहेको पाइन्छ त्यस्तै निमार्ण क्षेत्रमा ज्यालादारी गर्ने जनसंख्या २५.३० प्रतिशत रहेको पाइएको छ

भने व्यापार व्यावसायमा ३.६१ प्रतिशत र सबैभन्दा कम प्रतिशत अर्थात १.२० प्रतिशत जनसंख्या रोजगारीमा संलग्न भएको र केही प्रतिशत जनसंख्या मात्र अन्य पेशामा संलग्न रहेको अर्थात ६.०२ जनसंख्या यसमा रहेको प्रष्ट रुपमा देख्न सकिन्छ ।

### ५.३.२ घरको भुईको किसिमको आधारमा बर्गीकरण

**तालिका नं. ११**

| घरको भुई | घर परिवार संख्या | प्रतिशत |
|---|---|---|
| माटो | १७ | ८५ |
| ईटा | १ | ५ |
| सिमेन्ट | २ | १० |
| **जम्मा** | २० | १०० |

**स्रोतः स्थलगत सर्वेक्षण, २०७५**

माथिको तालिकाबाट स्पष्ट रुपमा थाहा हुन्छ कि उक्त वस्तीमा निर्मित घरहरुको भुई माटो द्धारा बनाइएका घरको संख्या सबै भन्दा धेरै ८५ प्रतिशत रहेको छ र इट्टाले बनाएका घरहरु ५ प्रतिशत र सिमेन्टको भूई भएका घरहरुको संख्या भने १० प्रतिशत देखिन्छ । उक्त सिमेन्टको भूई भएका मानिसको घरपरिवारको सदस्य विदेश  गई कमाएको पैसाले बनाएको बताउँछन् भने यहाँ रहेका अधिकाँश घरको भूई माटो कै रहेका छन् । जसको आर्थिक स्थिीति ति घरको भूई पक्की हुनेको तुलनामा कमजोर भेटिन्छ ।

### ५.३.३ पेशा वा व्यवसाय

प्रत्येक परिवारले आफ्नो गुजारा चलाउन कुनै न कुनै काम गरी आर्थिक उपार्जन गरेका हुन्छन् । मानिसहरूले आफ्नो क्षमता अनुसार व्यापार गर्ने, कृषि, उत्पादन, मजदूरी गर्ने  या जागिर गर्ने जस्ता कामहरू गर्ने गरेका पाइन्छन् । शिक्षित व्यत्ति र अशिक्षित व्यत्तिले गर्ने काम फरक– फरक नै हुने गर्दछ । यस सुकुम्बासीहरूको बस्तीमा शिक्षा र रोजगारीको अभावको कारण अधिकांश घरपरिवारले साना–साना काम गरी जिविका चलाएको पाईन्छ । तिनीहरूको कामको विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १२**

**पेशाका आधारमा उत्तरदाताको संख्या**

| **पेशा** | **घरसंख्या** | **प्रतिशत** |
|---|---|---|
| ज्याला मजदूरी | १३ | ६५ |
| प्रहरी | १ | ५ |
| व्यवसाय | २ | १० |
| विदेश गएका | १ | ५ |
| पियन | १ | ५ |
| कृषि | २ | १० |
| **जम्मा** | **२०** | **१००** |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७५**

तालिका नं. १२ मा सुकुम्बासीहरूको पेशागत विवरणलाई प्रस्तुत गरिएको छ। यस अनुसार मजदुरी गरेर जीवन चलाउने सुकुम्बासीहरूको घर संख्या १३ अर्थात् ६५ प्रतिशत र व्यवसाय गरेका घरसंख्या २/२ अर्थात् १०/१० प्रतिशत साथै अन्य प्रहरी पियनको काम गर्ने, र विदेश गएका घरसंख्या १/१/१ अर्थात् ५/५/५ प्रतिशत रहेको पाईयो । ज्याला मजदूरी गर्नेको संख्या धेरै देखियो यहाँका धेरैजसो मानिसहरु अशिक्षित रहेको जसको कारण ज्याला मजदुरी गर्ने मानिसहरु तुलनात्मक रुपमा बढी पाइयो ।

### ५.३.४ सुकुम्बासीहरूको मासिक आम्दानी विवरण

यस बस्तीका सुकुम्बासीहरू प्रमुख रूपमा ज्यलामजदुरी पेशामा आवद्ध रहेको पाईयो । यिनीहरू स्थानिय क्षेत्रमा पाइने जस्तै कृषि मजदुरी तथा निमार्ण सम्बन्धि मजदुरीको काम गर्ने गरेको पाइयो भने केही मानिस आफ्नै सानो पेशा व्यावसाय गरेका र थोरै मात्रामा नेपालमा तथा विदेशमा गएको पाईयो । कतिपय सुकुम्बासीहरूले सोहि ठाउँका धनी परिवारको जग्गा अधिँया गरेको पाईयो । सुकुम्बासीहरू जो शिक्षित छन् तिनीहरूको आम्दानीको स्रोत उच्च देखियो । उनीहरूले गर्ने काममा जागिर, व्यापार गर्ने र केही वैदेशिक रोजगारमा गएका समेत भेटियो । राम्रो आम्दानीका कारण यस्ता परिवारका

सदस्यले शिक्षालाई प्राथमिकता दिएको पाईयो । कम आम्दानी भएका परिवारका सदस्यहरू काममा नै व्यस्त रहेको पाईयो । कम आम्दानी हुने परिवारले आम्दानीको स्रोत जनाउन चाहेनन् त्यस्ता परिवारहरू कृषि पेशामा संलग्न रहेको पाईयो । उनीहरू भन्छन् जसोतसो गुजारा चलाएका नै छौं, भन्ने कुरा व्यक्त गर्दछन् । विभिन्न पेशामा संलग्न यी सुकुम्बासीहरूको आम्दानी फरक-फरक रहेको छ । जसलाई तालिकामा देखाईएको छ ।

**तालिका नं. १३**

**सुकुम्बासीहरूको मासिक आम्दानी विवरण**

| **आम्दानी रु** | **घरसंख्या** | **प्रतिशत** |
|---|---|---|
| ० – २,००० | २ | १० |
| २,५०० – ४,००० | ५ | २५ |
| ४,५००– ६,००० | ३ | १५ |
| ६,५००– १०,००० | ३ | १५ |
| १०,५०० भन्दा माथि | २ | १० |
| भन्न नचाहेका | ५ | २५ |
| **जम्मा** | **२०** | **१००** |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७५**

तालिका नं. १३ मा २० घरसंख्या सुकुम्बासीहरूको मासिक आम्दानी विवरणलाई देखाईएको छ । जस अनुसार प्रति महिना ०–६,००० रूपयाँ आम्दानी गर्ने सुकुम्बासी परिवार अति गरिव रहेको पाईयो । ६,००० भन्दा बढि आम्दानी गर्ने सुकुम्बासी परिवारका सदस्यहरू केहि शिक्षित भएका, विदेश गएका, व्यापार गर्ने साथै अदिँया जमिन कमाएका छन् । भने १०,५०० भन्दा बढी कमाउने घरपरिवारको अवस्था अझै राम्रो रहेको उनीहरुको घरमा टि.भी. साइकल जस्ता सामानहरु पनि भेटियो भने छोराछोरीलाई बोडिङ्ग स्कुल पढाएको भेडियो । यस्ता परिवारका प्राय सबै सदस्यहरू काम गर्न सक्ने देखियो । कतिपय यस्ता परिवारले आफ्नो आम्दानीको स्रोत खुलाउन चाहेनन् । यस्ता

सुकुम्बासीहरूमा घरयासी काम गर्ने (विवाह,व्रतबन्धमा भाडा भाम्ने, धान कुटाउने आदि) रहेको पाइयो ।

### ५.३.५ सुकुम्बासीहरूको खर्च

सुकुम्बासीहरूको परिवारमा फजुल खर्च जस्तोकी चुरोट, जाँड, रक्सी बढी खाने गरेको देखियो । दिनभरि काम गरि ल्याएको पैसा बेलुका सबै खाएर सक्ने गरेबाट यस्ता परिवारका सदस्यहरूले भोलीको लागि जोगाएर राख्ने नगरेको देखियो । कयौं परिवारमा आफ्नो मासिक आम्दानीले महिनाभर खर्च धान्न निकै मुश्किल परेको भेटियो । उक्त खर्च जुटाउन परिवारका सबै सदस्यहरूले ज्यामि, मजदूरीको काम गर्दै आएका सुकुम्बासीहरू बस्दै आएको पाईयो । मासिक आम्दानी अनुसार सुकुम्बासीहरूको खर्च विवरणलाई तालिकामा देखाईएको छ ।

**तालिका नं. १४**

**उत्तरदाताको आम्दानीको आधारमा खान पुग्ने अवस्था**

| **विवरण** | **घरसंख्या** | **प्रतिशत** |
|---|---|---|
| एक महिना सम्म खान पुग्ने | ८ | ४० |
| तीन महिना सम्म खान पुग्ने | ६ | ३० |
| छ महिना सम्म खान पुग्ने | ४ | २० |
| एक बर्ष सम्म खान पुग्ने | २ | १० |
| **जम्मा** | **२०** | **१००** |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७५**

तालिका नं. १४ मा सुकुम्बासीहरूको दैनिक पारिवारिक आम्दानीले महिना भरि खान पुग्ने घरपरिवार संख्या ८ रहेको आफ्नो आम्दानीले तीन महिना खान पुग्ने घरपरिवार संख्या ६ रहेको त्यस्तै आफ्नो कमाईले ६ महिना खान पुग्ने घरपरिवार संख्या ४ छ भने आफ्नो कमाइले एक वर्ष खान पुग्ने जम्मा २ घरपरिवार रहेका छन् ।

तीन महिना सम्म खान पुग्ने परिवारका सदस्यहरू सबैले ज्याला मजदुरी काम गर्ने गरेको पाइयो । यसरी आएको आम्दानीले केहि महिनाको लागि आनन्द हुने बताउँछन् । यस्ता परिवारका सदस्यहरू संयुक्त रहेको पाईयो । यिनीहरूरले पनि अर्काको जमिन अधिँया गर्ने यसबाट आएको धान, मकै, गहुँबाट दैनिक खान पुग्ने र कामको समयमा कामबाट आएको आम्दानीले नुन, मसला, तेल आदि किन्न पुग्ने  बताउँछन् । यी परिवारका सदस्यहरू केही शिक्षित रहेको पाईयो । एक बर्षसम्म खान लाउन पुग्ने परिवारको आम्दानीको स्रोत राम्रो मानिन्छ । यस्ता परिवारका सदस्यहरू शिक्षित र काम गर्न सक्ने उमेरका छन् साथै विदेश गई आम्दानी भित्र्याएका कारण सजिलै जीवन संचालन गर्न पुगेको देखियो । यसरी आफ्नो दैनिक आम्दानीले कुनै परिवारलाई सजिलैसँग पुग्ने र अधिकांश सुकुम्बासीहरूको  परिवारलाई आफ्नो मासिक आम्दानीले महिना भरि खर्च धान्न निकै मुश्किल पर्ने देखियो । उक्त खर्च जुटाउनका लागि परिवारका सदस्यहरूरले ज्यामि, मजदूरी गरेर जीविका चलाएको पाईयो ।  तर पनि यिनीहरू सबैको लालपूर्जा सम्बन्धी समस्या रहिरहेको नै देखियो ।

### ५.३.६ रहन सहन भेषभुषा

अध्ययन क्षेत्रमा बसोबास गर्ने धेरै घरपरिवार थारु जातिका छन् नगन्य मात्रामा अन्य पनि छन् विशेष गरी थारु जातीको कुरा गर्दा उनीहरुको आफ्नै भेषभुषा हुने भए पनि यो बस्तिमा त्यस्तो देखिदैन मानिसहरु सामान्य अरु मानिसहरुले लगाउने जस्ता लुगा लगाएको देखिन्छ जस्तै महिलाहरु कुर्ता सुरुवाल, मेक्सि लगाएको देखिन्छ भने पुरुषहरुले पाइन्ट, टिसर्ट, कमिज, हाफ पाइन्ट लगाएको पाइन्छ । भने धेरै उमेरका बुढाबुढीहरुले भने आफ्नै जातको पोशाक लगाएको देखिन्छ । भने जवानी केटाकेटीहरुले मजदुरी गरेरै भए पनि हातमा घडी लगाएका र मोवाइल बोकेको पाइन्छ ।

### ५.३.७ खानपीन

अध्ययन क्षेत्रका सुकुम्बासीहरुले खाना दाल, भात, तरकारी, अचार खाने गर्दछन् उनीहरु विहानै खाना पकाउँछन् र आफुहरु उक्त खाना लिएर ७ बजे नै कामको लागि हिड्छन् । उनीहरु गए पछि केटाकेटीहरु खाना आँफै खाई स्कुल जानेहरु स्कुल जान्छन्

स्कुल नजानेहरु घरकै काम गर्दछन् र काम बाट फर्किदा रात पर्ने हुँदा आफ्ना बालबच्चाहरुलाई ध्यानदिन पाउँदैनन् जसले गर्दा बच्चाहरुको पढाई राम्रो देखिदैन ।

### ५.३.८ चाडपर्व

थारु जातिको प्रमुख चाड माघी भएकोले उनीहरु माघी पर्व धुमधामसँग मनाउने गर्दछन् यस पर्वमा थारु जातिहरुले मिठो मिठो खाने, आफन्तकोमा जाने, नयाँ लुगा लगाउने गर्दछन् विशेष यो पर्वमा मानिसहरु दुई तीन दिन अघि देखि नै कामबाट विश्राम लिई माघी पर्वको तयारीमा जुटेका हुन्छन् उक्त चाडको सबै भन्दा महत्वपूर्ण खानेकुरा ढिक्री (रोटी) सबैको घर घरम पाकेको हुन्छ । त्यसै  गरी बङ्गुरको मासु, जाड रक्सी यस पर्वका मुख्य खानेकुरा पर्दछन् । उक्त बस्तिका अन्य जातिका मानिसहरु पनि आ–आफ्ना चार्ड पर्व जस्तै दशैं, तिहार, तिज आदि मनाउने गर्दछन् भने एकै ठाँउमा बसेको हुँदा थारु जातिले पनि उनिहरुको चाडपर्वलाई मनाउने कोशिस गर्दछन् । जस्तै तिजमा माइत जाने मिठो खाने गर्न थालेको पनि पाइन्छ ।

### ५.३.९ जीवन चक्र

जीवन चक्र भन्नाले मानिसको जन्म देखि मृत्यु सम्ममा गरिने विभिन्न संस्कारहरु भन्ने बुझिन्छ । सुकुम्बासीहरु धेरै जसो थारु जातिका छन् भने नगन्य मात्रामा अरु जातिका पनि पाइन्छ ।

उनीहरु आ–आफ्नै रितिरिवाज अनुसार नै आफ्ना संस्कार हरु गर्ने गर्दछन् । यहाँ खास गरी थारु जाति रहेको हुँदा उनीहरुको संस्कृतिलाई नियालेर बुझ्ने मौका मैले प्रेमा दिदीबाट पाँए थारु जातिका अनुसार

#### क) जन्म संस्कार

थारु जातिमा बच्चा जन्मिदा विशेष कार्य त्यस्तो केही हुँदैन तर बच्चा जन्मिए पछि बच्चाको नाभी नझर्ने बेला सम्म उक्त सुत्केरी महिला अछुतो हुने गर्छिन उनको र बच्चाको स्याहारको लागि केबल सुडेनी मात्र योग्य हुन्छिन् भने जब बच्चाको नाभी जब खस्छ तब सुत्केरी महिला चोखिन्छिन् त्यस पछि बच्चाको नाम राख्दा कुनै पनि त्यस्तो कार्य गरिदैन बुबा, आमा, परिवारका अन्य सदस्यले बच्चाको नाम कुनै फुल, ऋतु,

महिनाको आधारमा राख्ने गर्दछन् । भने अरु जातिले भने न्वारन गर्ने गरेर बालकको नाम राख्ने चलन रहेको छ ।

**ख) विवाह**

विवाह समाज परिचालनको एक महत्वपूर्ण तत्व हो जसले कुनै पनि महिला र पुरुषलाई पारिवारिक जिवन प्रदान गर्दछ । विवाह अनेक प्रकारका पाइन्छन् तापनि यस बस्तीमा मागि विवाह र प्रेम विवाह नै प्रमुख रुपमा प्रचलनमा रहेका छन् । खास गरी अहिले अझै प्रेम विवाह निकै प्रचलनमा रहेको छ । प्रेम विवाहमा केटा केटी विच मन परापर भई विवाह हुन्छ । भने मागी विवाहमा थारु जातिमा केटी पक्षका मानिस केटाको घरमा जान्छन् फेरि उनिहरुले केटा पक्षलाई आफ्नो घरमा डाक्छन् त्यसपछि उनीहरु केटीको घर गई केटा केटी विच कुरा गराई मन परेमा टिकाटाला लगाई दिन तोकी विवाह गर्दछन् मैले प्रेमा दिदीलाई हजुरहरुको सँस्कृतिमा दुलाहाको सँगसँगै दुलाहाको भाईलाई राख्ने र दुलाहालाई भविश्यमा केही भए भाउजुलाई श्रीमती रुपमा राख्ने चलन के छ भनी सोद्धा उँहा यो चलन अहिले हटि सकेको र भाउजुलाई आमाको रुपमा राख्ने बताउनु हुन्छ । उहाँ फेरी थप्नु हुन्छ यो चलन कहिँ कतै होला तर अहिले मैले देखेको छैन भन्नुहुन्छ उहाँ । थारु जाति बाहेक अन्य जातिहरुको पनि धेरै थरीका विवाह हुने भएता पनि प्रेम विवाह र मागी विवाह नै बढी प्रचलनमा रहेको पाइन्छ ।

**ग) मृत्यु संस्कार**

मानिस जन्मिए पछि कुनै न कुनै दिन मर्नु पर्ने प्राकृतिक नियम हो । थारु समुदायमा मृत्यु संस्कारलाई हेर्दा जब मानिस मर्छ उसको दाह संस्कार गरिन्छ । त्यस पछि घर चोखाउने काम गरिन्छ । यस समुदायमा पनि जुठो बार्ने चलन छ उनीहरुको चलनमा बेसार, तेल बार्ने चलन छ । र उनीहरुको चलनमा जुठो बार्ने प्रक्रिया अलि फरक खालको पाइयो । क्षेत्री, बाहुनको चलन भन्दा अलि फरक छ उनीहरुको चलनमा भने जुठो बार्न अलिक सहज रहेछ । महिनाको अन्तिम ३, ४ दिन मात्र बाँकी छ भने उनीहरु उक्त महिना भित्र नै ३ दिनमा चोखिने र यदि उक्त महिनामा धेरै दिन बाँकी छन् भने विजोड दिन पारेर आफ्नो इच्छा अनुसार चोखो हुने प्रचलन रहेको छ । यसरी चोखो हुँदा घरपरिवारको जेठो सदस्य बितेको रहेछ भने घरमा प्रयोग गर्ने ढक्की, नाङ्लो, अचार बनाउने भाँडो

जस्ता सामानहरु काम नलाग्ने गरी फाल्नुपर्ने रहेछ यो सुन्दा मलाई अच्चम्म लाग्यो यस विषयमा प्रेमा दिदी सँग मैले निकै बेर छलफल गरेँ ।

### ५.३.१० शारिरिक तथा मानसिक अवस्था

यस अध्ययनको सर्वेक्षण गर्ने क्रममा विभिन्न घरधुरीहरुमा जाँदा सामान्यतया शारिरीक र मानसिक स्थिति राम्रो नै देखिन्छ । मेरो अवलोकनबाट उमेर अनुसार शारिरीक र मानसिक स्थिति राम्रो नै देखिन्छ । मानसिक रुपमा कुनै रोग लागेको भेटिएन । नगन्य रुपमा बुढाबुढी भने दम, मुटु, मृगौला र मधुमेहका रोगीहरु केही भेटिए । जसलाई औषधी उपचार गर्नको लागि धेरै समस्या छ र दिन प्रतिदिन यसबाट पिडित छन् । अन्य धेरै व्याक्तिहरु शारिरीक रुपमा तन्दुरुस्त छन् र आफ्नो जिविकोपार्जनको लागि ज्यालादारी गर्न सकिरहेका छन् ।

### ५.३.११ वातावरणीय अवस्था

वातावरण भन्नाले हामी वरिपरिको सम्पूर्ण सजिव, निर्जिव देखिने वा अदृश्य सबै वस्तुहरु पर्दछन् । मेरो सर्वेक्षणको क्रममा अवलोकन गर्दा सुकुम्बासीहरुको घर वरिपरिको त्यति घेरै फोहोर थिएन धेरै जसो घरमा सिट भएका ट्वाइलेट बनेका छन् भने नगन्य मात्राामा खाल्टे ट्वाइलेट बनाएका छन् खाल्टे ट्वाईलेट भने त्यति सफा छैन । मैले उनीहरु सँग ट्वाइलेट आफ्नै विचारले बनाउनु भयो भनी सोध्धा सहकारीको योजना अनुसार जसले ट्वाइलेट बनाउँछ उसलाई मात्र ऋण दिने निर्णय पछि उनीहरुले सहकारीको सहयोगमा ऋण लिएर ट्वाईलेट बनाएका रहेछन् । जसले गर्दा वातावरण सफा रहन एक दमै सहयोग पुगेको देखिन्छ ।

## ५.४ बैयक्तिक अध्ययन

प्रस्तुत अध्ययन यस क्षेत्रमा छरिएर रहेका सुकुम्बासीहरुको अध्ययनलाई प्रभावकारी ढङ्गबाट प्रस्तुत गर्न र सुकुम्बासीहरुको वास्तविक जीवनको यथार्थ तस्वीर कोर्ने उदेश्य लिएर यस क्षेत्रभित्र रहेका सुकुम्बासीमध्ये ३ जना घरमुलिको वैयक्तिक अध्ययनलाई यहाँ प्रस्तुत गरिएको छ ।

क)   नाम: कमला थारु                         उमेर: ४१ वर्ष

लिङ्ग :स्त्री                                    जात :थारु

धर्म : क्रिष्चियन                              जम्मा परिवार संख्या :   २ जना

जन्मस्थान : मुसुरा (बबई नदी पारी)

हालको ठेगाना     : बर्दिया, मधुवन न.पा., ०६

पृष्ठभूमि

नेपालका सामु गरिबी एक चुनौतिपूर्ण समस्याको रुपमा रहेको छ । यहाँको जीवनस्तर साहै न्यूनस्तरको छ । मुलुकमा विद्यमान सुकुम्बासी समस्या समाधान गर्न ठूलो चुनौति भएको छ । आय आर्जनको आधारमा आर्थिक स्रोत र त्यसको वितरण प्रणालिमा देखिएका असमानताका कारण भूमिहीन कृषक परिवारको स्थिति चिन्ताजनक छ ।

४१ वर्षिय कमला थारु  एक सुकुम्बासी हुन । उहाँको श्रीमान कामको सिलसिलामा जाजरकोट गएको वेला विवाह गरेको म दलितको छोरी हो भन्नु हुन्छ विवाह पश्चात श्रीमानले उहाँलाई भारत लिएर गएको त्यस पछि एक छोराको जन्म भयो ठिकै थियो दुबै जना मिलेर काम गरेर सुखः दुख दिन काटेका थियौं । केही समय पछि नेपालमा आइयो र नेपालमा पनि उसको घर जग्गा नभएकोले गर्दा हामी सुकुम्बासी बस्तीमा आई बसेको बताउनु हुन्छ । यहाँ सुकुम्बासीमा आएर बस्यौं केही होला भनेर उसलाई  ऋण काढेर विदेश पठाएँ तर उनी फर्केर आएनन विदेशबाट फर्केर काठमाण्डौमा नै अर्को विहे गरेर बसेका छन् रे मलाई सँधै दुःख छ ।

उसलाई विदेश पठाएको रिन तिर्न उहाँ भारतमा गएर भाँडा माझ्ने काम गरे सानो बच्चा छोडेर जाँदा पलपलमा छोराको यादले भुतुक्क हुन्थे जिउ गलेर आउँथ्यो त्यो छोराको लागि कति रोएँ दःखी लाई सँधै दुःख हुदो रहेछ भन्दै सुस्केरा हाल्नु हुन्छ । अहिले यही काम पाएको बेला ज्याला मजदुरी गरी बसेकी छु भन्नु हुन्छ यही बसेको घडेरी आफ्नो नाँउमा छैन पिर लाग्छ । यहाँबाट छोड्न परे कहाँ जाने हो । दिनभरी मजदुरी गरेर पकाएर खाने ठाँउ पनि हुँदैन मेरो त भन्नुहुन्छ ।

**सामाजिक–आर्थिक अवस्था**

सामाजिक–आर्थिक अवस्थाले कुनै पनि व्यक्तिको सर्वाङ्गिण विकासमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । कमला थारुको जीवनमा पनि यसको असर निकै परेको पाइन्छ । जिवनमा उहाँले सघर्ष नै सर्घष गर्नु परेको छ । अर्न्तजातिय विवाह पश्चात घरपरिवार सँग जाँदा घेरै दुख खेप्नु परेको वोली भाषामा समस्या भएको र घरपरिवार, इष्ट मित्र र छिमेकीले पनि राम्रो नगरेको बताउनु हुन्छ । उहाँको आर्थिक स्थितीको कारण बच्चामा नराम्रो असर पर्नुको साथै छोराको खानपिन देखी शिक्षाको लागि निकै गाह्रो भएको छ ।

**पारिवारिक अवस्था**

कमला थारुको परिवार सानो भए पनि उहाँले घर चलाउन निकै गाह्रो छ । उहाँको परिवारमा जम्मा २ जना सदस्य छन् । आमा कमला थारु र उहाँको एउटा छोरा छन् । आमा कमला थारु ले ज्यालामजदुरी गरी घरव्यवहार चलाउनु हुन्छ । ज्याला मजदुरीको लागि पनि दिनदिनै काम नपाउनाले निकै गाह्रो भएको बताउनु हुन्छ । अर्थात उहाँको पारवारिक अवस्था निकै कमजोर रहेको छ ।

**वातावरणीय अवस्था**

उनको घर झुपडी खालको काठ दाउराले बारेको माटोले पोतेको खरले छाएको छाना भएको छ । हावाहुरीले विगार्ने अनि त्यसलाई बनाउने गर्दै त्यसैमा काम चलाएर नै बसेका रहेछन् समुदायमा सबैले ऋण लिएर राम्रो चर्पी बनाए पनि उनिहरुको भने खाल्टे चर्पी त्यती ब्यवस्थीत थिएन त्यसैले गर्दा वातावरणमा नकरात्मक असर परेको थियो ।

**निष्कर्ष**

बर्दिया जिल्ला मधुवन नगरपालिका वडा नंम्बर ६ मा विभिन्न ठाँउबाट आई बसेका सुकुम्बासीहरु छन् तिनै सुकुम्बासीहरु मध्येबाट छानिएर गरेको वैयक्तिक अध्ययनको क्रममा कमला थारु जो अहिले ४१ वर्षकी छिन् ।

धेरै दुःखका दिनहरु पार गर्दै आएको र अहिले सम्म सुख नपाएको उहाँ बताउनुहुन्छ । “जिन्दगी भरीको दुःख लेखेको रैछ मलाई” भन्नु हुन्छ उहाँ यस भनाई बाट पनि थाहा हुन्छ कि नेपालमा यस्ता समस्या भएका उनी जस्ता धेरै व्याक्तिहरु छन् भन्ने कुरा यो

अध्ययनबाट बुझ्न सकिन्छ यो अध्ययनले एउटा सुकुम्बासी समस्याको प्रतिनिधित्व नगरेर राष्ट्रमा रहेका सबै सुकुम्बासीको बारेमा थाहा पाउन सहयोग गर्नेछ ।

(ख) नामः पञ्चराम थारु

उमेरः ५६ वर्ष लिङ्गः पुरुष

जातः थारु धर्मः हिन्दु

जम्मा परिवार संख्याः ५

जन्मस्थानः बानियाभार गा.वि.स.

पञ्चराम थारुको घरमा हाल बाह्र जना घरपरिवार सदस्य हुनुहुन्छ । उहाँको श्रीमती चार छोरा चार बुहारी नाति नातिना लगायत उहाँ गरेर हाल बाह्र जना हुनुहुन्छ । भने उहाँको जेठो छोराको परिवार बानियाभारमा बस्नु हुन्छ । अन्य परिवार यस सुकुम्बासी बस्तीमा २०६३ बाटै बस्दै आउनु भएको छ । यहाँ आउनु भन्दा पहिला उनीहरु बानियाभार गा.वि.स.मा बसेको बताउनु हुन्छ । बातियाभारमा हुँदा पञ्चरामको बुवाको नाममा रहेको पाँच कठ्ठा जग्गामा पञ्चराम को परिवार लगायत उहाँको बुवा आमा ,तीन दाजुभाई का परिवार एउटै घरमा बसेको र खानको लागि अर्काको जग्गा बटैया लगाउएको बताउनु हुन्छ धेरै जना एउटै घरमा बस्थेउ धेरै दुःख थियो खानलगाउनलाई उहाँ थप्नुहुन्छ बुवाको जग्गा धेरै नहुँदा आँफुले पनि जग्गा नपाउने र आफुले पनि छोराहरुलाई हेर्नुपर्ने भएकोले जग्गा पाउने आसामा २०६३ मा उहाँ यस बस्तीमा आई बसेको पाइयो अलिले पनि परिवारमा धेरै जना भएको र परिवार सञ्चालनमा निकै गाह्रो भएको बताउनु हुन्छ । साघुरो घरमा धेरै जना बस्नु परेको र जग्गा पनि नभएकोले केही गर्न नमिल्ने बताउनुहुन्छ ।

यस ठाँउमा आए पछि पनि सुख नपाएको उहाँ बताउनुहुन्छ । सुरुमा यहाँ आएर बस्दा निकै कष्ट भएको प्लाष्टिकले बेरेर बसेको अवस्थामा पनि आर्मी,प्रहरीले धेरै दुःख दिएको उक्त झुपडी पनि भत्काई फालिदिने जस्ता क्रियाकलापहरु हुने र आफुले निकै दुःख पाएको बताउनु हुन्छ । केही समय पछि यो समस्या त हटेको थियो तर घर बनाउनको लागि आफुसँग पैसा नभएको कारण माटो र खरको जोगो गरी बल्लबल्ल यत्तिको घर बनाएको पाइयो । अहिले पनि दुःखले छोड्दैन बसेको बास भएको जमिन आफ्नो नाममा

छैन कति बेला छोड्नुपर्छ टुङ्गो छैन, काम नगरी खानु छैन, विरामी भएको बेलामा पनि काम नगरी खानु छैन । अहिले पनि अर्काको जग्गा बटैया लगाएको र पाइएको बेला ज्याला मजदुरी गर्ने गरेको पाइयो ।

गरिब हुन कसैलाई नपरोस नानी उनी सुस्केरा हाल्दै भन्नु हुन्छ । जब म त्यहाँ पुगेँ उनी म सँग कुरा गर्नको लागि आतुर भएको देखे मेरो उदेश्य पनि यही थियो कि जसले स्पष्ट आफुसँग कुरा गर्न खोज्छ उसँगबाट जानकारी लिई आफ्नो अध्ययनलाई पूर्णता दिनु त्यसैले मैले गर्ने व्यक्तिक अध्ययनमा पञ्चराम थारु लाई पनि छानेकी छु ।

**पारिवारिक अवस्था**

श्री पञ्चराम थारुको पारिवारिक अवस्थालाई हेर्दा सयुक्त परिवार रहेको छ । हाल उहाँ घरमा जेठो छोराको परिवार बाहेक बाह्रजना सदस्य भएको र एउटै सानो घरमा बस्दा निकै साधुरो भएको र अरु घर बनाउनको लागि आम्दानी नभएको बताउनु हुन्छ । आम्दानीकोको श्रोत खासै नभएको हुँदा जिवनयापनमा निकै गाह्रो भएको परिवारको खर्च धान्न लाई स-परिवारले दुःख गर्दा पनि नपुगेर ऋण लिइएको पाइयो । दुःख सुख आफ्नो जिवन चलाउन बाध्य रहेको बताउनु भयो । उहाँ भन्नुहुन्छ मर्ने बेला सम्म यति घर भएको जग्गा आफ्नो नाममा भैदिए ढुक्क हुनेथियो भन्नुहुन्छ ।

**सामाजिक आर्थिक अवस्था**

उनी बसेको यस बस्तीमा धेरै जसो थारु भएको हुँदा कुराकानी गर्न, दुःख पोख्न निकै नै सजिलो भएको र बेलाबेलामा वरिपरिका छिमेकीहरुले सहयोग गरेको बताउनु । काम गर्दा, कुनै चाडवाड आउँदा निकै सहयोग पाएको बताउँछन् । चाडवाडमा मजदुरी गरेकोले नपुग्दा ऋण लिएर भए पनि चलाउँछन् । सबै भन्दा पहिले त हामी बसेको घडेरी आफ्नो नाममा पास भईदिए मजदुरी गरेर ल्याएकै भए पनि ढुक्क सँग खान पाइन्थ्यो भन्दछन् ।

**निष्कर्ष**

सामाजिक आर्थिक, शारिरीक तथा मानसिक रुपमा कमजोर भएका वर्गलाई सभ्य मानवोचित जीवनयापन गर्ने अवस्था मिलाउनु नै आजको प्रमुख कार्य मानिन्छ । श्री पञ्चराम थारुले हामी जस्तालाई सरकारले केही व्यवस्था गरिदिनु पर्छ । अन्तिममा उनी

थप्छन् यही झुपडी आफ्नो नाममा भए कसैले धम्काउने डर त्रास दिई भत्काउँछु भन्ने थिएन ।

**ग) नामः अन्जु थारु**

उमेरः ३६ वर्ष		लिङ्गः महिला

जातः थारु		धर्मः हिन्दु

जम्मा परिवार संख्याः ५		जन्मस्थानः मधुवन ११

हालको ठेगानाः मधुवन ६ बर्दिया

अन्जु थारु यसै सुकुम्बासी टोलकी पिडीत सुकुम्बासी हुन् उनी उनी हरेक क्षेत्रबाट समस्यामा परेकी छिन् । सानै देखि दुःखको भूमरीमा जिवन विताएकी छु उनी भन्छिन् । उनी विवाहीत नारी हुन उनी सँग हाल घरमा श्रीमान्, सासु, ससुरा, १ छोरा छन् सासु, ससुरा बुढा भएको कारण बाहिरको काम गर्न सक्दैनन् भने श्रीमान्ले पनि उनलाई दुःख दिने काम गर्दछन् उनी काम गर्न सक्ने उमेरका छन् । काममा पनि जान्छन् तर पाएको पैसा उनले घर परिवारलाई दिँदैनन् उल्टो आफुसँग भएको पैसा शुद्ध माग्न पछि पर्दैनन् उल्टै झगडा गरी आफुलाई दुःख दिएको बताउँछिन् । मैले कमाएर ल्याएको पैसाले खर्च पुग्दैन उनी दिँदैनन् धेरै गाह्रो छ । छोरा लाई पढाउन पैसा नपुग्दा धेरै दुःख लाग्छ आफूले नपढेर यति दुःख भोग्नु परेको छ भन्दछिन् उनी काममा जान्छु दिनभरी काम गर्छु रातीमा राम्रो सँग आराम गर्न पाउँदिन भन्दै आँखामा आँसु टिलपिलाउँछ अन्जुको उनका वरिपरिका साथीहरु सल्लाह दिन्छन् की मजदुरी गरेरै भए पनि बच्चाको जिवन विमा गर उनीहरुलाई पढ्ने पैसा हुन्छ छिमेकी साथीहरुको सल्लाह त राम्रो लाग्छ तर के गर्नु पैसा पुऱ्याउन गाह्रो छ म एक्लैले सबै किनेर खानु पर्छ उनको यो आवाज निकै कारुणिक थियो ।

**पारिवारिक अवस्था**

अन्जु थारुको परिवारिक अवस्थालाई हेर्दा निकै नै कमजोर देखिन्छ । उनको जिवनमा दुख नै दुःख छ आफ्नै श्रीमान्ले शुद्ध साथ दिएका छैनन् घरमा परिवार श्रीमान्, सासु, ससुरा, १ छोरा भए पनि उनीलाई जिवनयापनमा निकै कठिनाई रहेका बताउँछिन ।

**सामाजिक आर्थिक अवस्था**

सामाजिक रुपमा निकै सहयोग सल्लाह पुगेको उनी बताउँछिन उनी प्राय गरी काममा जाँदा छिमेकी साथीको सुचनामा जाने गर्दछिन् जस्तै कहाँ काम छ कुन काम छ यस्तै साथै अन्य सरसल्लाह पनि छिमेकी साथीबाट पाएको हुँदा यस विषयमा उनि खुसी देखिन्छन् भने उनको आर्थिक अवस्था भने राम्रो छैन् परिवारमा उनैले खर्च धान्नु परेकोले पनि निकै गाह्रो भएको बताउँछिन् अझ श्रीमान्ले उल्टै दु:ख दिएको भन्दै उनी बलिन्धरा आँसुका ढिका खसाल्छिन् । उनी थप्छिन् बसेको झुपडी भएको जमिन पनि आफ्नो छैन कति बेला के हुने हो थाहा छैन् अझै उनि थप्छिन की मलाई जस्तो पिर त कसैलाई छैन संसारमा यस्तै यस्तै गुनासा गर्दै रुँदै थिइन उनी

**निष्कर्ष**

हाल मधुवन न.पा.६ मा रहने अन्जु चौधरी भर्खरै ३६ वषकी छिन् सानै उमेर देखि धेरै दु:ख खेप्नु परेको बताउँछिन शिक्षाको कमीले गर्दा श्रीमान् पनि परिवार प्रति जिम्मेबार नभएको र आफुले पनि अलि राम्रो काम गर्न नपाएको भन्दै गरिवको लागि सरकारले केहि गरोस भन्ने धारणा उनको रहेको छ ।

यस अनुसन्धानमा लिएको ब्यक्तिगत बिबरणलाई हेर्दा यहाँका मानिसहरुको दैनिक कार्य लाई हेर्दा धेरैजसो ब्याक्तिहरु मजदुरीको काम गर्दछन् भने नगन्य मात्रामा सामान्य ब्यवसाय, जागिरका साथै थोरै मात्रा वैदेशीक रोजगारीमा गएको पाइन्छ । उनिहरुको आर्थिक सामाजिक अवस्थालाई हेर्दा जुन परिवारमा अलि पढे लेखेका ब्याक्ति छन् उनिहरुको घरमा आर्थिक पारिवारिक अवस्था सबल रहेको साथै बालबालिकाको शिक्षा स्वास्थ जस्ता कुरामा ध्यान पुर्‍याएको साथै भावि योजना को लागि थोरै भए पनि बचत गरेको पाइन्छ साथै आफ्ना बालबालिकालाई निजी विधालयमा पढाएको देखिन्छ साथै समाजमा हुने हरेक कार्यमा अगाडि बढेको पाइन्छ भने जुन परिवार अशिक्षीत छ उनिहरुको घरपरिवारमा कलह हुने वा पारिवारिक बेमेल रहनुका साथै राम्रो काम नपाउने कुनै पेशा ब्यवसाय प्रति चेतनाको कमि रहेको साथै स्वास्थ्य तथा बालबालिकाको शिक्षा प्रति कुनै चासो नभएको र त्यस्ता ब्याक्तिहरुले नै जाड रक्सि खैनि चुरोट जस्ता लागु

पदार्थ सेवन गर्ने हुँदा विभिन्न रोगको सिकार बन्ने गरेको पाइन्छ । अन्जु थारुको घरमा पनि उक्त समस्या रहेको छ ।

## अध्याय ६

# सारांश र निष्कर्ष

### ६.१ सारांश

प्रस्तुत शोधपत्रको उद्देश्य मधुवन न.पा. वडा नं ६ टिसीयन फाटाका सुकुम्बासीहरूको सुकुम्बासी समस्याः कारणहरू र विविध क्षेत्र (सामाजिक र आर्थिक समस्याहरू) को अध्ययन गर्नु रहेको छ । यो शोधपत्र त्रिभुवन विश्वविद्यालय माजविकी तथा सामाजिकशास्त्र संकाय अर्न्तगत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको आंशिक आवश्यकता परिपुर्तिका लागि प्रेरित भई तयार पारिएको छ । उक्त शोधपत्रको लागि नमुनाका रूपमा मधुवन न.पा. वडा नं ६ टिसीयन फाटाका सुकुम्बासीहरूलाई छनौट गरिएको छ ।

यो शोधपत्रको अध्ययन क्षेत्र मधुवन न.पा. वडा नं ६ टिसीयन फाटामा केन्द्रित छ । सुकुम्बासी हुनुका कारणहरू र विविध क्षेत्र (सामाजिक, आर्थिक, महिला तथा बालबालिका) को  अवस्थाको विश्लेषण गर्न र मूर्त रूप दिनका लागि विभिन्न अनुसन्धान विधिहरूको प्रयोग गरिएको छ । जस अनुसार वर्णनात्मक अनुसन्धान ढाँचामा आधारित भई  अध्ययन गरिएको छ । तथ्यांक लिने क्रममा प्राथमिक तथ्यांक तथा द्धितीय तथ्यांकको सहायता लिईएको छ साथै तथ्यांकको प्रकृति अनुसार गुणात्मक एवं संख्यात्मक तथ्यांकको आधारमा उनीहरूको सामाजिक ,आर्थिक अवस्थाको र महिला तथा बालबालिकाहरूको सामान्य चर्चा पनि गरिएको छ ।

टिसीयन फाटाका १०२ घर सुकुम्बासीहरूमध्ये २० घर सुकुम्बासीहरूलाई सम्भाव्य नमुनामा छनौट गरि प्राप्त तथ्य एवं तथ्यांकको आधारमा उनीहरूको सामाजिक आर्थिक अवस्थाको विश्लेषर्ण गरिएको छ । त्यसै गरि अध्ययनलाई विश्वासिलो र भरपर्दो बनाउनका लागि तथ्यांक संकलनका विधिहरूको प्रयोग गरिएका छन् । जसमा प्रश्नावली, अर्न्तवार्ता सूची, प्रत्येक्ष अवलोकनको प्रयोग गरिएको छ । यसरी प्राप्त तथ्य एवं तथ्यांकलाई आवश्यकता अनुसार तालिकीकरण, प्रतिशत, व्याख्या एवं विश्लेषण गरिएको

छ । नमुना छनौटमा परेका २० घर सुकुम्बासीहरूको सामाजिक आर्थिक अवस्थाको साथै महिला तथा बालबालिकाको सामान्य अवस्थाका बारेमा चर्चा गरिएको छ । सामाजिक अवस्थामा यस २० घरका सुकुम्बासीहरूको परिवारको किसिम अर्न्तगत – एकात्मक परिवार, संयुक्त परिवार  वैवाहिक स्थिति – मागी विवाह र प्रेम विवाह तुलनात्मक रूपमा प्रेम विवाह बढी हुने गरेको, जातजातिगत विवरणमा थारु जाती बढी रहेका, पुर्व बासस्थानमा यस बस्तीमा एक जिल्लाबाट भए पनि जिल्लाका विभिन्न ठाँउबाट आएको देखियो । ,सुम्बासीहरूको समस्यामा लालपुर्जा सम्बन्धी समस्या देखाउने घरसंख्या सबै भन्दा बढी अर्थात् ११ देखियो । सुकुम्बासी समस्याले प्रत्येक्ष र अप्रत्येक्ष रूपमा जनसंख्यामा प्रभाब परेको देखियो । जसका कारण छिटो विवाह, स्वास्थ्य, शिक्षाको अभाव, कम जन्मान्तर, बसोबासको समस्या रहेका छन् । शैक्षिक अवस्थालाई हेर्दा महिला भन्दा ३ जना पुरुष बढी देखियो । थारु भाषा बोल्नेको बाहुल्यता रहेको साथै हिन्दु धर्मालम्बीहरू बढि रहेको पाईयो । यस बस्तीका सुकुम्बासीहरूको प्रमुख चाडपर्वहरू माघी, दशै, तिहार आदी रहेको, जन्म संस्कार र मृत्यु संस्कार पनि हिन्दु परम्परा अनुसार हुने गरेको जसमा जन्म हुँदा अर्थात् छोराको जन्ममा खुसी हुने गरेको पाईयो भने मृत्युमा दुखी भएको बताउँछन्  ।

त्यस्तै आर्थिक अवस्थामा, यस बस्तीका सुकुम्बासीहरूले आफुँहरूले ओगटेको जग्गा, पेशा तथा व्यवसाय, आम्दानी, खर्चहरू देखिन्छ ।

अधिकांश सुकुम्बासीहरूका घर कच्ची तथा काठ र माटोको भित्ता, खरको छानो भएको पाईयो । यीनिहरूको पेशा ज्याला मजदूरी,  विदेश गएका, नगन्य मात्रामा जागिर गर्ने पाइयो । पच्चीस सय देखी चार हजार सम्म कमाई गर्ने घरसंख्या ५ र आफ्नो आम्दानी भन्न नचाहने ५ घरसंख्या सबै भन्दा बढी आम्दानी गर्ने २ घरसंख्या देखियो । त्यसै गरि सुकुम्बासीहरूको खर्चको विषयमा चर्चा गर्दा मासिक आम्दानीले तीन महिना र तीन महिना भन्दा कम समय खान पुग्ने घरसंख्या ३/३ देखियो भने ६ महिना सम्म आम्दानीले खान पुग्ने ६ घर परिवार र एक वर्ष सम्म खान पुग्ने ८ घरपरिवार रहेको पाईयो ।

सुकुम्बासी महिलाहरू परिवारमा, महिलाहरूले आफ्नो नाम सम्म लेख्न पनि नसक्ने भेटियो भने कतिपय साक्षरले आफ्नो नाम मात्र लेख्ने र केही महिलाहरु प्राथमिक तहमा नै

पढ्न छोडेको पाइयो । यिनीहरूलाई पढ्न मन भएको तर घर व्यवहारको कामले, सन्तानको हेरचाहा गर्नुपर्ने भएबाट शिक्षा लिन बञ्चित रहेको बताउँछन् । सानै उमेर देखी काममा र सानो उमेरमा विवाहका कारण स्वास्थ्यमा असर परेको बताउँछन् । यस बस्तीमा बालबालिकाहरूको उचित किसिमको स्याहार नभएको र उनीहरूलाई उचित शिक्षा दिनुपर्ने मानसिकता कमै परिवारमा रहेको अर्थात् आम्दानी धेरै भएको परिवारमा राम्रो र आम्दानी कम भएको परिवारमा बालबच्चाको अवस्था नाजुक नै देखियो । काखका दुधे बालक छोडेर ज्याला मजदुरीमा जान बाध्य भएको बताउँछन् यहाँका महिलाहरू । आफ्ना बालबच्चालाई हेरेर बस्दा घरमा आगो नबल्ने कुरामा पुरुष भन्दा महिलाहरू चिन्तित देखियो ।

## ६.२ निष्कर्ष

वर्तमान समयमा सुकुम्बासी समस्या एक जटिल समस्याका रूपमा रहेको छ । सुकुम्बासी समस्या एउटा परिवारको मात्र समस्या नभई देशको नै ठुलो समस्याको रूपमा खडा भएको छ । एउटै देशमा रहेका नेपाली जनताहरूमा कसैको नाममा धेरै विगाहा जमिन त कसैको नाममा बास बनाउन एक टुक्रा जमिन समेत नहुनाले असमानता देखिन्छ । सुकुम्बासी शब्दको परिभाषा सुकुम्बासी समस्या समाधान आयोगको गठनसँगै परिभाषित भएको पाईन्छ । सुकुम्बासी भनेर भूमिहिन वर्गलाई जनाईएतापनि सुकुम्बासी आयोगको कार्य विधि २०६६ ले आफ्नो वा आफ्नो नाममा वा आंशियारको नाममा कुनै पनि जग्गा जमिन नहुनुलाई परिभाषित गरेको छ । बर्दिया जिल्ला मधुवन न.पा. वडा नं. ६ टिसीयन फँटा टोलमा बसोबास गर्ने सुकुम्बासीहरूले आँफुहरू विभिन्न कारणले गर्दा सुकुम्बासी जीवन विताउन बाध्य भएको कुरा यस स्थलगत अध्ययनको क्रममा थाहा पाईयो । सुकुम्बासी हुनुका कारणहरूमा जनसंख्या वृद्धि, प्राकृतिक प्रकोप, घरवारी लिलाम, आर्थिक शोषण, सामाजिक चलन, भूमिको अभाव, लालपुर्जा नहुनु र भएको जमिन छोडेर सुकुम्बासी हुने गरेको पाईयो भने सुकुम्बासी समस्याहरूमा भूमिको अभाव, लालपुर्जा नहुन, स्वास्थ्य, शिक्षा, छिटो विवाह, जन्मान्तर कम, बसोबास समस्या आदि यीनीहरूको सामुहिक समस्या रहेको पाईयो ।

सुकुम्बासीहरू जनसंख्या बृद्धि, गरिबी, प्राकृतिक प्रकोप, सामन्ती उत्पीडन, साहुमाहर्जनको आर्थिक शोषणका कारण घरवार विहिन हुनु परेको छ । जीविकाको लागि अन्य विकल्प नभई रोजगारीको खोजीमा बसाइँ सर्नु परेको पाइन्छ । सुकुम्वासी हुनाको एउटा कारणका रूपमा जो सुकुम्वासी भएका छन् तिनीहरू पुस्तौ-पुस्ता देखिको राज्य संरचनाबाट पछाडी परेका वर्ग तथा समुदायका मानिसहरू सेवकका रूपमा स्थापित भएकाले आफ्नो नाममा कुनै पैतृक सम्पति नभएको पाईयो भने अर्को प्रमुख कारण सुकुम्वासी पुरुष/महिलासँगको विवाह पनि हो । यस्ता पुरुष/महिलाहरू जो सुकुम्वासी परिवारमा जन्म लिएर र पुनः सुकुम्वासी परिवारमा विवाह भयो । यसरी सुकुम्वासी जीवनबाट बाहिरिन नपाउँदा र जीवन चलाउन काममा नै व्यस्त हुनुपर्ने भएकाले शिक्षा आर्जनतिर समय दिन सकेनन् जसबाट पछाडी परिरहेको भेटियो । उनीहरूको आर्थिक स्थिति कमजोर भएको कारणले सुकुम्वासी हुनुको पिडा भोगिरहेका छन् । उनीहरूले उचित समयमा उचित खालको खानपान, स्वास्थ्य सेवा, शिक्षा रोजगारी पाउन सकेका छैनन  जसले गर्दा विभिन्न समस्याहरू उत्पन्न भएका छन् ।

आम्दानीको स्रोत नहुनु बढी खर्चका कारण परिवारमा बेमेलको सिर्जना हुने गरेको पाइयो । ती सुकुम्बासी बस्तीमा पुरुषले काम मन लागे गर्ने र काम गरे पनि फजुल खर्च गरेबाट महिलाहरू नै घरखर्ची जुटाउनदेखी बालबच्चा दैनिक लालनपालनमा बढी सक्रिय हुनाका कारण स्वास्थ्यमा असर परेको देखियो । महिलाहरूको पाठेघरको समस्या रहेको उपचारको लागि आवश्यक खर्च जुटाउन नसक्दा बेथा पाल्नुपर्ने बाध्यता पनि अध्ययनको क्रममा पाईयो । यी सुकुम्बासी परिवारमा श्रीमान्ले बहुविवाह पश्चात् आँफुहरूलाई मानसिक यातना दिने गरेको महिलाहरू बताउँछन् । रातदिन काममा व्यस्त भईरहनाले बालबच्चाको स्याहारसुसारमा समय नभएको काम गर्न नसक्दा पनि काम गर्नुपर्ने बाध्यता रहेको पाईयो जुन यस बस्तीका अधिकांश सुकुम्बासी महिलाहरूको सामुहिक समस्या रहेको पाईयो ।

उनीहरूले प्रयोग गर्ने चर्पी कसैको कच्ची भएबाट वातावरण प्रदुषित भएको छ । भने कसैले ऋण काढेरै भए पनि व्यवस्थित चर्पी बनाएको पाइयो । छनौटमा परेका घरहरूमा

सार्वजनिक धारा रहेको र शौचालय पनि आधा जति घरहरुमा कच्ची शौचालय भेटियो । यस बस्तीका महिला देखी लिएर युवाले समेत चुरोट, खैनि, जाड, रक्सी सेवन गरेको पाईयो । जसले स्वास्थ्यमा असर पूर्‍याउन सहयोग गरेको पाईयो । समग्रमा शिक्षा क्षेत्रलाई हेर्दा केही व्याक्ति साक्षर नभए पनि भने साक्षर हुने कसैलेपनि धेरै पढेको पाईएन । महिलाहरूमा एस.एल्.सी पास गर्ने महिला संख्या २ देखियो । ती सुकुम्बासीहरूले आफुहरू बस्दै आएको क्षेत्रमा आफ्नो नाममा लालपूर्जा समस्या भएबाट कुनै व्यवसाय खोल्न नपाएकोले पीडित भएको बताउँछन् । जमिन थोरै भएकाले पशुपालनमा ध्यान नदिएको पाईयो । उनीहरूले दैनिक जसो सामान्य खाना भात, दाल तरकारी  खाएतापनि चाडपर्वमा विभिन्न परिकारका खानेकुरा साथै माछा, मासु ऋण गरेरै भए पनि खाने गरेको पाईयो । उनीहरूलाई परिवार नियोजन बारेमा थाहा भए पनि उक्त साधन प्रयोगदर कम भएबाट जनसंख्या वृद्धि भई उचीत लालनपालनमा कठिनाई भएकोदेखियो । यी बस्तीहरूमा पनि छोराको चाहाना बढी भएकाले विभेदको स्थिति रहेको पनि पाईयो ।

निश्कर्षमा भन्नु पर्दा अहिले देशमा निर्वाचन सम्पन्न भएको छ देश विभिन्न ५ प्रदेशमा विभाजन भएको छ जसले गर्दा विकास गर्ने हो भने अझै सहज वातावरण निर्माण भएको छ  अहिले स्थानिय निकायबाट जितेर गएका प्रतिनिधीले ले स्थानिय समस्यालाई बुझ्न सहज हुने हुँदा अब प्रादेशिक सरकारले विभिन्न समस्याको हल गर्नु अहिले महत्वपूर्ण एजेण्डामा राखी समस्या समाधान गर्नु अहिलेको आवश्यकता रहेको छ ।

# सन्दर्भ सामाग्री


कोइराला केदार, (२०५९) नेपालमा गरिबमूखी शासन व्यवस्था, नेपाल किसान आन्दोलन पचास वर्ष, काठमाण्डौ, केन्द्रिय कमिटी ।

गारिबी र भूमि सुधार (२०६७) धापासी, काठमाण्डौं, आत्मनिर्भरता सेवा केन्द्र ।

देउजा जगत, (२०६७) भूमि अधिकार हनन्, मानव अधिकार हनन, धापासी, काठमाण्डौ सामुदायिक आत्मनिर्भरता सेवा केन्द्र, वर्ष ८,पूर्णाङ्क २३ ।

भूमि अधिकार (२०६७) धापासी, काठमाण्डौं, आत्मनिर्भरता सेवा केन्द्र ।

मिश्र चैतन्य  (२०६२/०६३) पुँजीवाद र नेपाल, काठमाण्डौं मूल्याङ्कन प्रकाशन गृह प्रा.लि.।

लुमन्ति संस्था (२०५१) सुकुम्बासीहरूको अवस्था विश्लेषण प्रतिवेदन ।

वडाल केशव (२०५५) नेपालको भूमि सुधार, कृषि क्रान्ति र अर्थतन्त्रको विकास, भृकुटी एकेडमिक पब्लिकेशन ।

सुकुम्बासी आयोग, (२०५२) सुकुम्बासी समस्या समाधान आयोग, काठमाण्डौं, केन्द्रिय सचिवालय सिंहदरवार ।

शर्मा, जनकलाल (२०४९) हाम्रो समाज एक अध्ययन, साझा प्रकाशन, काठमाण्डौं द्वितिय संस्करण ।

श्रेष्ठ ज्ञानेन्द्रबहादुर (२०५५) सम्पति कानुन, नेपाल किताब कम्पनी ।

श्रेष्ठ श्याम, (२०६७) नेपालमा गरिबीः जीवनस्तर र भूमिसुधार, गरिबी र भूमिसुधार, काठमाण्डौं, सामुदायिक आत्मनिर्भरता सेवा केन्द्र ।

*Bista D. B. (1991). Fatalism and development: struggle for modernization,Orient Longman*

*Blaike P.,Cameron J.& Seddon D.(1980) Nepal In crisis,Oxford university*

*Caplan L. (1970\2000). Land and social change in Nepal, Routledge and kegen paul LTD.London First, Himal Books KTM. Second.*

*CBS (2003). National Agrucultural Census, ktm, Central Bureau of Statisics Instiitiutes*

*Engalsh R. (1985). Himalayan state formation and Impact of British Rule in the 19th centure*

*Gaize F.H. (1975). Regionalism and National Unity In Nepal , Vikas Publishing House PVTLTD.*

*Regmi M.C. (1971). Study of Nepalese Economic History, New Delhi, Manjusri publication House*

*Shrestha N.R. (1990). Landlessness and migration in Nepal, SAN Francisco. Oxford, Westview press Boulderb.*

# प्रश्नहरूको सूची

## परिशिष्ट १

अन्तरवार्तामा सोधिएका प्रश्नहरूको सूची

१. तपाईको पूर्व वासस्थान कहाँ हो ?

२. तपाई के कति कारणले यस स्थानमा बसोबास गर्न आउनु भयो त ?

३. तपाई यस स्थानमा सुकुम्बासी भएर बसोबास गरेको कति समय भयो ?

४. के कारणले सुकुम्बासी जीवन बिताउन बाध्य हुनुभयो ?

५. तपाई वा तपाईको परिवारको कुनै सदस्यको नाममा नेपाल अधिराज्यमा कतै घर जग्गा छ/ छैन ? यदि छ भने कहाँ कति जग्गा छ ?

६. यदि छ भने उक्त जग्गाको आम्दानीले तपाईको परिवारलाई खान पुग्दछ भने कति महिना पुग्दछ नपुगेको खर्च कसरी जुटाउनु हुन्छ ?

७. यहाँको आम्दानीको स्रोत के-के छ ?

८. तपाई र परिवारको आम्दानीले खर्च चलाउन पुग्छ वा पुग्दैन ?

९. खर्चको लागि ऋण लिनु पर्छ की पर्दैन यदि लिनु हुन्छ भने कहाँ बाट लिनु हुन्छ ?

१०. वर्तमान समयमा तपाईका मुख्या समस्याहरु के के छन् ?

११. तपाईले यस बस्तीमा बस्दा कस्ता-कस्ता समस्याहरू भोग्दै आउनु भएको छ ?

१२. सुकुम्बासी हुनाले तपाईको समुदायमा महिला तथा बालबालिका माथि के-कस्तो असर परेको पाउनु भएको छ ?

१३. तपाई नेपाल सरकारले यही बस्तीमा बसोबासको लागि व्यवस्था मिलाई दिओस् भन्ने चाहनु हुन्छ की ?

१४. तपाईको टोलमा कुनै सीपमूलक तालिम वा जनचेतना ल्याउने काम भएको छ ?

१५. महिला शिक्षा वा प्रौढ शिक्षा लिनु भएको छ ? छ भने कस्तो लाग्यो ?

१६. अन्तमा केही भन्नु छ की ?

## परिशिष्ट २

अर्न्तवार्ता मिति :-

**क. व्यक्तिगत विवरण**

१. अन्तर्वार्ता दिने व्यक्तिको नाम थर :

वडा नं.- टोलः- लिङ्ग :-

उमेर :- जात/थर :- पेशा :-

शिक्षा :- भाषा :- धर्म :-

नागरिकता :-

२. परिवारिक संरचना

| संख्या | उमेर | लिङ्ग | शिक्षा | वैवाहिक स्थिति | बसाइँसराई | पेशा | मसिकआय |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

३. यस स्थानमा बसोबास गरेको कति वर्ष भयो ? ............................

४. तपाई कहाँबाट यस ठाउँमा वस्न आउनु भएको हो ? .................................

**ख. आर्थिक अवस्था**

५) घरबास भएको जमिन आफ्नो हो ?

क) हो ( ) (ख) होईन ( )

६)  आफ्नो जमिन कति छ ?.................. अर्काको कमाएको कति छ ? ................

७)  ऐलानी जग्गा कमाएको छ ?

(क)  छ (  )  (ख)  छैन (  )

८)  घरव्यवहार चलाउने मुख्य आय स्रोत के होला ?

(क)  कृर्षि (  )  (ख)  मजदूरी (  )  (ग)  अन्य (  )

९)  घरको आय स्रोतबाट खान लाउन नपुग्दा काम खोज्न कहाँसम्म जानुहुन्छ ?

(क)  गाउँ छिमेकतिर (  )  (ख)  जिल्लातिर (  )

(ग)  देशभित्र (  )  (घ)  बिदेशतिर (  )

१०)  कुन- कुन कामबाट कति ज्याला पाउनु हुन्छ ?

| सि.नं | कामको विवरण | दैनिक ज्याला | मसिक ज्याला |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

११)  पशुपालन विवरण

| विवरण | आफ्नो निजी | अधियाँमा | जम्मा |
|---|---|---|---|
| गाई | | | |
| भैंसी | | | |
| राँगा | | | |
| बाखा | | | |

| | | | |
|---|---|---|---|
| हाँस | | | |
| कुखरा | | | |
| सुँगर | | | |

१२) दैनिक परिवारलाई खान लाउन पुग्छ ?

(क) पुग्छ ( ) (ख) पुग्दैन ( )

१३) घरमा विहान बेलुका के- के खानुहुन्छ ? .................

१४) ऋण सापट को सँग लिनुहुन्छु ?

(क) बैकबाट ( ) (ख) साहुसँग ( ) (ग) अन्य ( )

१५) तपाईले आफ्नो छोराछोरीलाई कसै-कसैको घरमा काम गर्ने गरि पठाउनु भएको छ ?

(क) पठाउँछु ( ) (ख) पठाउदिन ( )

**ग) जनसंख्या र परिवार नियोजन**

१६) तपाईलाई परिवार नियोजन बारे थाहा छ ?

क) छ ( ) (१) अस्थायी ( ) (२) (स्थायी ( )

ख) छैन ( )

१७) तपाईको परिवारमा क-कसले परिवार नियोजन गराउनु भएको छ ?

क) आमाले ( ) ख) बाबाले ( )

**घ) स्वाथ्य, शिक्षा, विकासको स्थिति**

१८) तपाई बिरामी हुँदा कसरी उपचार गर्नुहुन्छ ?

(क) झारफुकबाट ( ) (ख) अस्पतालबाट ( )

१९) नागरिकता लिनु भएको छ ?

क) छ ( )　　　　ख)　छैन ( )

२०) तपाई बसेको ठाँउ नगरपालिका बनेको छ यस बारेमा थाहा छ ?

क) छ ( )　　ख)　छैन ( )

२१) छोराछोरीलाई खोप लगाउने गरेको छ ?

क)　छ ( )　　　　ख)　छैन ( )

२२) छोराछोरीलाई पाठशालामा पठाउने गरेको छ ?

क) छ ( )　　　　ख)　छैन ( )

२३) छोराछोरीलाई कुन स्तरको विद्यालयमा पठाउने गर्नु भएको छ ?

(क)　सरकारी ( )　　　　(ख)　निजि ( )

२४) खानेपानीको स्रोत छ ?

(क ) खानेपानी संस्थान ( )　(ख) पम्प ( )　(ग) ईनार ( )

२५) शौचालय घरैमा छ ?

(क ) छ ( )　　　　　(ख) छैन ( )

२६. यहाँ आएर बस्नुको कारण के थियो ?

.......................................................................

२७. शुरुमा आएर बस्दा कस्तो घर बनाएर बस्नु भएको थियो ?

.......................................................................

च) परिवारसँगको सम्बन्धः

२८. श्रीमान सँग को सम्बन्ध कस्तो छ ?

(क)　राम्रो ( )(ख)　नराम्रो( ) (ग)　ठिकै ( )

२९. श्रीमानसँग कुनै कुरामा झगडा हुन्छ कि हुदैन ?

(क) हुन्छ (  )      (ख) हुदैन (  )

३०. हुन्छ भने के कुरामा बढी झगडा गर्नुहुन्छ ?

...................................................................

३१. छोरा र छोरी बिच भेदभाव गर्ने गरिएको छ ?

(क) छ (  )      (ख) छैन (  )

३२. कुनै पनि काममा फैसला गर्दा कसरी गर्नु हुन्छ ?

(क) एक्लै (  )      (ख) श्रीमान्/श्रीमतीको सल्लाहमा (  )

३३. हिंसाबाट कस्तो रूपमा पिडित छन् ?

(क) शारिरीक (  )      (ख) मानसिक (  )